राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानबर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– २५, माघ १४ गते शुक्रबार, २०७८ (28 January, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# सत्ता गठबन्धनको शानदार जित

## राष्ट्रियसभाको निर्वाचनमा गठबन्धन १८ र एमाले १ स्थानमा विजयी

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** राष्ट्रियसभा सदस्य १९ रिक्त पदका लागि भएको निर्वाचनमा सत्ता गठबन्धनका उम्मेदवार १८ स्थानमा विजयी हुँदा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेबाट मुस्किलले प्रदेश- १ मा अपांगता-अल्पसंख्यक कोटाबाट एक स्थान पाएको छ । निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार गोपालकुमार बस्नेत, कृष्णप्रसाद पौडेल, कमला पन्त, युवराज शर्मा, दुर्गा गुरुङ र नारायणदत्त मिश्र, नेकपा (माओवादी केन्द्र)का उर्मिला अर्याल, भुवन सुनार, सुरेश आलेमगर, नरबहादुर विष्ट र जगतबहादुर पार्की तथा नेकपा (एकीकृत समाजवादी)का तर्फबाट जयन्तीदेवी राई, गोमादेवी तिमिल्सिना, राजेन्द्रलक्ष्मी गैरे, उदय बोहरा र मदनकुमार शाह (गरिमा) निर्वाचित भएका हुन् । जनता (समाजवादी पार्टी नेपाल)का उम्मेदवार महम्मद खालिद र राष्ट्रिय जनमोर्चाका तुलप्रसाद विश्वकर्मा निर्वाचित भए ।

प्रदेश निर्वाचन कार्यालय पोखराको परिसरमा सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशका तीन सिटमा सत्ता गठबन्धनका उम्मेदवार विजयी भएका छन् । सत्ता गठबन्धन माओवादी केन्द्रबाट उम्मेदवार बनेका सुरेशकुमार आलेमगर तीन हजार ९६ मत प्राप्त गरी विजयी भएका थिए भने उनका प्रतिस्पर्धी नेकपा (एमाले)का पुण्यप्रसाद पौडेलले दुई हजार ६ सय ९४ मत प्राप्त गरेको प्रदेश निर्वाचन कार्यालय पोखराले जानकारी दिएका हो ।

यसैगरी महिलातर्फ नेपाली कांग्रेसका कमला पन्तले तीन हजार ८४ मत प्राप्त गरी विजयी हुँदा उनका प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार लीला पोखरेल (थनेत)ले दुई हजार ७ सय २४ मत पाएकी थिइन् ।

यस्तै दलिततर्फ माओवादी केन्द्रका भुवनबहादुर सुनारले तीन हजार ४८ मत प्राप्त गरी विजयी भए भने नेकपा एमालेका उम्मेदवार अर्जुनकुमार सुनामले दुई हजार ७ सय २४ मत पाएको

क्रमशः अन्तिम पृष्ठमा

# नेपालको जनसंख्या २ करोड ९१ लाख




**काठमाडौं ।** भरखरै सार्वजनिक भएको राष्ट्रिय जनगणना-२०७८ को प्रारम्भिक नतिजाले नेपालको जनसंख्या दुई करोड ९१ लाख ९२ हजार चारसय ८० पुगेको उल्लेख छ । राष्ट्रिय योजना आयोग मातहतको केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको विवरणअनुसार प्रक्षेपित तीन करोडभन्दा झन्डै आठ लाख कम देखिएको छ ।

अन्तिम नतिजामा यो विवरणमा सामान्य हेरफेर हुन सक्ने जनाइएको छ । विसं. २०६८ को जनगणनामा दुई करोड ६४ लाख ९४ हजार पाँचसय ४ जनसंख्या रहेको थियो । अघिल्लो जनगणनाको तुलनामा भक्तपुरको जनसंख्या वृद्धिदर सबैभन्दा बढी र रामेछापको जनसंख्या सबैभन्दा घट्दो दरमा रहेको पाइएको छ । पहिलो चरणमा स्थलगत कार्य गत २०७८ भदौ ३० देखि असोज १८ र दोस्रो चरणको २०७८ कात्तिक २५ देखि मंसिर ९ गतेसम्म भएको थियो । प्रदेशगत रूपमा मधेश प्रदेशको जनसंख्या सबैभन्दा बढी छ भने कर्णाली प्रदेशको कम देखिएको छ ।

क्रमशः अन्तिम पृष्ठमा

# टङ्कप्रसाद : गुमनाम इतिहासका तेजस्वी पात्र



**समय-सन्देश**
**केदारनाथ गौतम**

नेपालको जेठो राजनीतिक दल नेपाली काङ्ग्रेसले अनेकौं उतारचढाव, घुम्ती र मोड पार गर्दै पचहत्तर वर्षे राजनीतिक यात्रा पूरा गरिसकेको छ । नेपाली काङ्ग्रेसको चौधौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित भई दोस्रो सभापतीय कार्यकाल समालिरहेका शेरबहादुर देउवा नेपालको त्रिचालीसौं प्रधानमन्त्रीका रूपमा पाँचौं पटक मुलुकको प्रधानमन्त्री पदमा बहाल छन् ।

तर, सोही दल अर्थात् नेपाली काङ्ग्रेसको पहिलो महाधिवेशनबाट वि.सं. २००३ मै पार्टीको सभापति बनेका र २०१२ मै प्रधानमन्त्रीको कार्यभार समेत समालेका ऐतिहासिक नेता टङ्कप्रसाद आचार्यको इतिहास भने गुमनामजस्तै छ । टङ्कप्रसाद आचार्य नेपाली काङ्ग्रेसभन्दा पनि जेठो अर्थात् नेपालकै सबैभन्दा जेठो राजनीतिक दल 'नेपाल प्रजापरिषद्' का समेत संस्थापक अध्यक्ष हुन् ।

यतिबेला नेपालमा सहिद सप्ताह चलिरहेको छ । हरेक वर्ष १० देखि १६ माघसम्म सहिद सप्ताह मनाइनुका साथै १६ माघलाई राणा शासनविरोधी चार सहिदको स्मृति एवम् सम्मानरूप सहिद दिवस मनाउने गरिएको छ । सहिद सप्ताह र सहिद दिवस मनाउने प्रचलन टङ्कप्रसाद आचार्यकै प्रधानमन्त्रीत्वकालमा सुरु भएको हो । यथार्थतः राणा शासनविरोधी चार सहिद- शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द र धर्मभक्त माथेमा उनै टङ्कप्रसादका समवयी, समकालीन र सहकर्मी हुन् । र, स्वयम् टङ्कप्रसादलाई नै नेपालका 'जिउँदो सहिद' भन्ने गरिएको छ ।

१७ मङ्सिर, १९६९ (वि.सं.) मा जन्मेका टङ्कप्रसादको ११ वैशाख, २०४९ मा निधन भयो । आफू बाईस वर्षको छँदै वि.सं. १९९३ मा

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- २५, माघ १४ गते शुक्रबार, २०७८

## सम्पादकीय

# अहङ्कारको पराजय पाठ सिक्यो कि एमालेले ?

जनताले दुईतिहाइ दिएर सुशासन, अग्रगमन र समृद्धिको जिम्मेवारी सुम्पेको तत्कालीन 'वाम' गठबन्धनको एउटा पक्षभित्रको एक समूहमा पलाएको विषयकारी अहङ्कार अन्ततः चकनाचूर हुन पुगेको छ। करिव तीन वर्षबीच तानाशाही प्रवृत्तिले खाएको घनघोर ठक्करबाट स्वयम् सोही पक्ष, व्यक्ति एवम् प्रवृत्तिले पाठ सिक्यो कि सिकेन ? त्यो त उनैका निम्ति लाभ-हानिको प्रश्न हो। तर, त्यसवापत राष्ट्र र जनताले चुकाउनुपरेको निकै ठूलो क्षति र अवसरको दुःअसर भने अपूरणीय नै छ।

मुलुकका दुई ठूला 'वाम' शक्तिहरूको संयुक्त प्रयासबाट आर्जित सत्ता, शक्ति र अवसरलाई केवल एउटा 'चतुरे' नेताको तथाकथित 'लोकप्रियता' को परिणाम भन्ने भ्रममा बाँच्दा र जनतामा समेत सोही किसिमको विषाक्त सन्देश प्रवाहित गर्ने दुश्प्रयत्न गर्दा ऊ बेलाको एमाले र सो पार्टीको वर्तमान नेतृत्व सत्ताको शिखरबाट भुईंमा पछारिँदै धुलोमा मिल्न पुगेको छ। केन्द्रीय अर्थात् सङ्घीय सरकारबाट पछारिएर 'बालकोटको बार्दली' मा पुगेर बर्बराउन अभिशप्त हुनु, मुलुकका सातमध्ये चार प्रदेशको नेतृत्वसहित समग्र सरकारबाटै विस्थापित हुनु र अन्ततः दुई-दुई पटक भएका राष्ट्रियसभाका चुनावमा समेत शतप्रतिशतजसो पराजित हुन पुग्नुले एमाले नेतृत्वको अदूरदर्शिता, दम्भ, अहङ्कार र अयोग्यता निकै राम्ररी पुष्टि भएको छ।

यस्ता ठक्कर र हण्डर केवल एमालेका भागमा मात्र हुँदैनन्, जनमतलाई वपौती र आफ्नै 'करिस्मेटिक पर्सनालिटी' ठान्ने मूर्खता जुनसुकै शासकले गरे पनि त्यसको परिणति यस्तै हुने कुरा पक्का छ। अतः शासन गर्न रहर गर्ने जोसुकैले अहिलेको एमालेबाट सिकून्, 'परेर भन्दा देखेरै' जानून् ताकि भोलि अरुले यो हविगत व्यहोर्नु नपरोस् !

## टङ्कप्रसाद...

टङ्कप्रसादले 'नेपाल प्रजापरिषद्' को स्थापना गरेका थिए। राणा शासनविरुद्ध पर्चा छरेपछि १९९७ (वि.सं.) मा पक्राउ पर्ने दुई सयजनामध्ये उनी पनि एक थिए। इतिहासकारहरूको भनाइअनुसार वि.सं. २००७ को राजनीतिक परिवर्तनको आधारभूमि तयार पार्ने प्रमुख पाँच युवाहरू भनेकै टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्मा थिए।

वि.सं. २००३ मा कलकत्तामा 'नेपाली राष्ट्रिय काङ्ग्रेस' को स्थापनाका क्रममा टङ्कप्रसादको योगदान एवम् दशकअघि नै गठन भएको 'नेपाल प्रजापरिषद्' को भूमिकालाई कदर गरेर उनैलाई सभापति बनाइयो। प्रथम सम्मेलनमार्फत गठित त्यसबेलाको 'नेपाली राष्ट्रिय काङ्ग्रेस' (परिवर्तित नेपाली काङ्ग्रेस) को केन्द्रीय कार्यसमितिमा टङ्कप्रसाद आचार्य सभापति थिए। आचार्य वि.सं. १९९७ देखि नै जेलमा जन्मकैद भोगिरहेका थिए; त्यसैले नेतृत्व भने 'कार्यकारी सभापति' का रूपमा विश्वेश्वरप्रसाद कोइरालाले समालेका थिए।

उक्त कार्यसमितिको पदाधिकारीहरूका रूपमा बालचन्द्र शर्मा- महामन्त्री, डिल्लीरमण रेग्मी- प्रचाराध्यक्ष, कृष्णप्रसाद भट्टराई- सङ्गठन मन्त्री र देवशङ्करलाल श्रेष्ठ- कोषाध्यक्ष थिए। कार्यसमितिका सदस्यहरूमा गोपालप्रसाद भट्टराई, रुद्रप्रसाद गिरी, गणेशमानसिंह श्रेष्ठ, डीबी परियार, डीएन प्रधान र सीबी सिंह रहेको तथ्य भुवनलाल प्रधानले 'नेपालको जनक्रान्ति, २००७' मा उल्लेख गरेका छन्।

राणाशासनको अन्त्यपछि मातृकाप्रसाद कोइरालाको नेतृत्वमा २०१० ( वि.सं.) मा गठित सरकारमा गृहमन्त्री रहेका टङ्कप्रसाद आचार्य त्यसलगत्तै प्रधानमन्त्री बने। १३ माघ, २०१२ देखि ३१ असार, २०१४ सम्म (सत्र महिना) नेपालको (अठारौं) प्रधानमन्त्री रहेका टङ्कप्रसादको कार्यकालमा दीर्घकालीन महत्त्वका केही सुधारात्मक काम भए। प्रथम पञ्चवर्षीय योजनाको थालनी, नेपाल राष्ट्र बैङ्कको स्थापना र नेपाली मुद्राको देशव्यापी प्रचलन उनैको पालाका उल्लेख्य उपलब्धि हुन्। आचार्यकै कार्यकालमा निजामति सेवामा सुधार, निजामति सेवा नियमावलीको कार्यान्वयन, भूमिसुधार, पञ्चशीलका आधारमा परराष्ट्र सम्बन्धको विकास, शिक्षाको विकासका लागि राष्ट्रलाई सात शैक्षिक क्षेत्रमा विभाजन, राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनाजस्ता काम समेत भए। नेपालको मन्त्रिपरिषद्कै बैठकमा भारतीय दूतावासका कर्मचारी गोविन्द नारायण सहभागी हुने प्रचलन त्यतिबेलासम्म कायमै थियो। टङ्कप्रसादकै कार्यकालमा त्यो 'नियम' खारेज गरियो।

खासगरी परराष्ट्र सम्बन्धका हिसाबले टङ्कप्रसादको प्रधानमन्त्रीत्व अवधिलाई 'स्वर्णकाल' नै मानिन्छ। उनैको कार्यकालमा सोभियत सङ्घ, जापान, स्विट्जरल्याण्ड, इजिप्ट, चीन र फ्रान्ससँग नेपालको दौत्य सम्बन्ध स्थापना भयो। संयुक्त राष्ट्रसङ्घको सदस्यता लिने र महासभामा नेपालको प्रतिनिधिमण्डल पठाउने काम पनि टङ्कप्रसादकै पालामा सुरु भयो।

चीनसँग नेपालले छुट्टै सन्धि-सम्झौता गर्दा तिब्बतले नेपाललाई दिँदै आएको वार्षिक दस हजार 'काला मोहर' रोकिनेमा राजा महेन्द्र समवेदनशील थिए। तर, टङ्कप्रसादले भने जोखिम मोलेरै पञ्चशीलको सिद्धान्तका आधारमा चीनसँग बेग्लै सन्धिका लागि कूटनीतिक वातावरण बनाए। र, २० सेप्टेम्बर, १९५६ मा नेपाल-चीन मैत्री सन्धिमा हस्ताक्षर भयो। अनि त्यही वर्ष चीन भ्रमण गर्ने नेपालको पहिलो प्रधानमन्त्रीका रूपमा टङ्कप्रसाद आचार्य पेकिङ पुगे। त्यसपछि चिनियाँ प्रधानमन्त्री चाउ-एन-लाई समेत नेपाल भ्रमणमा आए।

## सङ्घीयता...

समेत राजनीतिक सत्ता उत्पीडित वर्गहरूको स्वयम् संगठन (Self organization) को हातमा जानुपर्ने जिकिर गरेका छन्। अराजकतावादीहरूको बाहुल्यता रहेको पेरिस कम्युनलाई मार्क्स र एङ्गेल्सले समाजवादतर्फको यात्राको संक्रमणकालिन आदर्श सत्ताको रूपमा प्रशंसा गर्नुले यही सत्यलाई उजागर गर्दछ। परिस्थितिजन्य वाध्यताको नाममा पार्टीले सत्तामा हाली मुहाली जमाउनु पूर्व बोल्सेविक क्रान्तिमा पनि सत्ता मजदुर, किसान, सिपाही सम्मिलित सोभियतकै हातमा रहने लक्ष्य निर्धारण गरिएको थियो। पछिल्लो कालमा सत्तामा आम मजदुर किसानको निगरानी र नियन्त्रण कायम गराउने प्रयास चिनमा चलेको महान सर्वहारा सांस्कृतिक क्रान्तिमा परिलक्षित भएको थियो। यसलाई सैद्धान्तिक रूपमा अझ उन्नत ढंगले अर्थ्याउने (Interpretation) काम भने मार्क्सवादका विलक्षण सिद्धान्तकार एन्टिनियो ग्राम्सीले गरेका छन्। पुँजीवादी संसद् अवसरवाद कोरल्ने मुहान हो भन्ने रोजा लक्जबर्गको भनाईसँग लेनिनलगायत सबै मार्क्सवादी क्रान्तिकारीहरू सहमत छन्। सुँगुरको खोर सफा गर्न खोरमा जानै पर्छ भन्ने मान्यतासँग पनि मार्क्सवादलाई प्रयोगाश्रीत विज्ञान (Empirical Science) मान्ने सच्चा कम्युनिष्टहरूले विमति जनाउन सक्दैनन्। यसरी पुँजीवादी संसद्मा पठाइएका क्रान्तिकारीहरूलाई अवसरवादबाट जोगाउने काम पार्टीले गर्नुपर्दछ। तर, सिंगो पार्टी मुल नेतृत्वसहित संसद्मा गएपछि यसलाई अवसरवादबाट जोगाउने संयन्त्र कुन हो ? यो प्रश्न हाम्रो सन्दर्भमा मुख बाएर खडा भएको छ। विश्वका सबै प्रायः विवेकशील मार्क्सवादीहरू यो निष्कर्षमा पुग्दैछन् कि आम जनताको स्वतन्त्रता र सक्रिय सहभागिताको अभावमा नै सोभियत संघको पतन भएको हो। श्रमजीवी जनताको जिवन्त सक्रियतामाथि बन्देज लगाउने कुनै पनि राजनीतिक प्रणालीको आयु लामो हुँदैन। दार्शनिक रूपमा मार्क्सवादीहरू भौतिकवादी एकतत्त्ववादबाट निर्देशित हुन्छन। राजनीतिक रूपमा भने भौतिकवादी एकतत्त्ववादले साम्यवादको यात्राको खास चरणसम्म बहुलतालाई स्वीकार गर्न निर्देशित गर्दछ। यसको व्यवहारिक अर्थ हो सत्ता मजदुर किसानलगायत उत्पीडित वर्गको निगरानी र नियन्त्रणमा रहनु पर्दछ। मजदुर, किसान, विद्यार्थी, बुद्धिजिवी, महिला लगायत उत्पीडित शिविरका जनवर्गलाई सम्पूर्ण रूपले पार्टीले नियन्त्रण गर्ने नेपाली कम्युनिष्टहरूको साझा अभ्यासले दिने परिणाम हाम्रो अगाडि स्पष्ट छ। दशकौंदेखि शिक्षामा सुधार ल्याउन गरिनुपर्ने आन्दोलनबाट विद्यार्थी संगठनहरू टाढा छन्। किसानहरू सडकमा चुपचाप दुध बगाउँछन् तर आन्दोलनका लागि अगाडि आउँदैनन्। महिला संगठनको नीति र नेतृत्व कस्तो रहने भन्ने निर्णय पार्टीमा हावी पुरुषहरूबाट हुने गरेको छ। यो भन्दा पनि गम्भीर कुरा त नेकपा एमालेको कथित जनताको बहुदलीय जनवाद भन्ने कार्यक्रम अगाडी आएसँगै वन जंगल, खानेपानी, विद्यालय, स्वास्थ्य सेवा लगायत समुदायका सबै सम्पदाहरूमाथि पार्टीको वर्चश्व कायम गर्ने अभियान चलाइयो। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सेकताप गरेको यही अभियानका कारण आज जनसमुदाय निरिह र मौन बनेका छन्। उनीहरूको जिवन्त गतिविधिलाई सामान्यतया एमालेको र छिटफुट रूपमा अरु पार्टीहरूको नियन्त्रणमा बन्दी बनाईएको छ। किसान एउटा हलोको निम्ति, मजदुर आफ्नो बालबालिका सरकारी विद्यालयमा दाखिल गर्नका निम्ति, सामान्य गृहस्थी घरमा धारा जडानका निम्ति, पार्टीका कर्ताधर्ता सामु झुक्न बाध्य छन्। यी सबै कारणहरूले गर्दा कम्युनिष्ट पार्टी र यसका नेताहरूमा बढ्दो उपभोक्तावाद र त्यसलाई पुरा गर्न अपनाइने राजनीतिक अवसरवाद अनियन्त्रित बनेको छ। यो स्थितिमा सत्तामा पार्टी होइन जनवर्गका स्वयंसेवी संगठनहरू पठाउने विधि नै सर्वोत्तम विधि हो। तर, हाललाई यो असम्भव नभएपनि अत्यन्त कठिन छ। यदि यो नीति लागु गर्न सम्भव छैन भने हामीले अर्को कारगर नीति तर्जुमा गर्नैपर्दछ जसले गर्दा पार्टी र यसका नेताहरू जनसमूहको निगरानी र नियन्त्रणमा रहुन्। यसको निम्ति पार्टी जनवर्गलाई केवल वैचारिक रूपमा नेतृत्व गर्नमा सीमित बन्नु पर्दछ। पार्टीले कज्याएका जनवर्गले पार्टीलाई अवसरवादबाट रोक्ने बाँधको रूपमा काम गर्न कदापी सक्दैन। त्यसैले जरुरी छ जनताको पहलकदमीलाई स्वतन्त्र बनाइयोस्। मार्क्सवादको भौतिक शक्ति सर्वहारा वर्ग हो। हाम्रो सन्दर्भमा पौरखी मजदुर किसान र जात व्यवस्थाद्वारा स्थायी उत्पीडित बनाईएका तथाकथित दलितहरू नेपाली मार्क्सवादका भौतिक शक्तिहरू हुन्। यस अर्थमा नेपालको समाजवादी क्रान्तिलाई अगाडि बढाउन जात व्यवस्थालाई समाप्त तुल्याउने कार्यक्रम सर्वाधिक सहयोगी बन्न सक्नेछ। मजदुर, किसान आदिसँग दलितको ठूलो हिस्सालाई क्रान्तिको आधारभूत शक्तिको रूपमा अगाडि नबढाएसम्म संसद्वादमा भासिएको कम्युनिष्ट पार्टीको आफ्नै मुक्ति सम्भव छैन। जनतालाई मुक्त गराउने कुरा त धेरै टाढाको विषय हो।

- हाम्रो बाटो, मूल बाटो शोषक, उत्पीडकहरूको प्रभुत्व र शासन कायम राखी राख्न पुँजीवादले बिभिन्न मायावी रूप लिने गरेको छ र नयाँ नयाँ भूगोलमा विचरण गर्ने गरेको छ। आफ्ना हितका निम्ति पुँजीवादले सामन्ती मूल्य मान्यता मात्र हैन बर्बर युगका मान्यताहरूलाई पनि जोगाएर आफ्नो हितमा उपयोग गर्ने गर्दछ। अंग्रेजहरूको लामो शासनपछि पनि भारतमा जात व्यवस्थालगायत सामन्तवादका बिभिन्न मूल्य र मान्यतालाई कायम राखि रहनुले यही सत्यलाई प्रमाणित गर्दछ। पुँजीवादसँगको यो लडाइंमा संघर्षको स्वरूप कस्तो रहला भन्ने कुरा कुनै खास वर्गको छनौटको विषय हैन। हामी कम्युनिष्टहरू शान्ति, समानता, खुसीयाली र समृद्धिको पक्षमा छौं। तर, ताली एक हातले बज्दैन। पुँजीवाद भनेको कुनै स्थुल प्रणाली मात्र हैन शोषण, भेदभाव, दमन हिंसा पुँजीवादका चारित्रिक लक्षणहरू हुन्। पुँजीवाद रहेसम्म यी सामाजिक खराबीहरू कायमै रहनेछन्। समाजवादी नेपालका निम्ति हामी यति मात्र भन्न सक्छौं हाम्रो संघर्षको स्वरूप अहिंसात्मक तर, जुझारु प्रकारको रहनेछ। हामी हाम्रो गतिविधिलाई चुनाव लड्ने र सरकार बनाउने सीमाभित्र बन्दकी बनाउने छैनौं। मार्क्सवादको आधारभूत सिद्धान्तमा आधारित नरहेको जनताको बहुदलीय जनवाद भन्ने फेबियनिष्ट कार्यक्रमले एमालेको पतन गराएको इतिहासबाट मनग्गे शिक्षा लिनु पर्छ। हाम्रो बैचारिक प्रभावमा रहेका मजदुर, किसान, महिला, व्यापारी, बुद्धिजीवी र उत्पीडित कित्ताका बिभिन्न तहमा रहेका जनताहरूको आफ्ना साझा स्वार्थहरूका निम्ति लड्न सक्ने जैविक सामर्थ्यलाई भुत्ते बनाउने काम हाम्रो पार्टीले गर्ने छैन। जनवर्गको पक्षपोषण गर्ने कार्यक्रमहरू बनाउन, नेतृत्वको निर्माण र विकास गर्न र संघर्षका विभिन्न उपायहरू अबलम्बन गर्न पार्टीले जनवर्गलाई उत्साहित तुल्याउने छ। जनवर्गको पहलकदमीलाई निर्वाध रूपमा अघि बढ्ने अवस्था कायम नभएसम्म नेपाल स्वतन्त्र, आत्मनिर्भर, समतामुलक र समृद्ध देश बन्न सक्दैन। दक्षिण एशीयामा मात्र कायम रहेको जात व्यवस्थालाई समूल नष्ट गर्न तथाकथित दलित र तल्लो जातलाई स्वतन्त्ररूपमा संघर्षका नीतिहरू तय गर्न पार्टीले बैचारिक अगुवाई गर्नेछ। हाम्रो पूर्व घोषणाजस्तै जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका शोषण र विभेदका सबै जन्जालहरूबाट मुक्त समाजवादी गणराज्य निर्माण गर्ने पार्टीको आम कार्यदिशामा सबै कमिटीहरूले विशिष्ट भूमिका निर्वाह गर्नु पर्दछ। दुनियाँभरका अनुभवले के देखाएको छ भने कम्युनिष्टहरू सामन्तवादका विरुद्ध योग्यतापूर्वक लड्छन् तर, त्यही योग्यता पुँजीवाद विरुद्धको लडाइंमा उद्घाटित हुन सकेको छैन। नेपालको सन्दर्भमा अपेक्षाकृत पुँजीवादको विकास भएको मानिने क्षेत्रमा पुँजीवादलाई परास्त गर्न हाम्रो पार्टीले सम्पूर्ण प्रयासहरू केन्द्रित गर्नु पर्दछ। पुँजीवादी विषालु सर्पको टाउकोको रूपमा रहेको त्यस्ता क्षेत्रमा यसलाई धुलिसात गर्न सकियो भने नेपालका निम्ति समाजवादको बाटो प्रशस्त हुनेछ।

- तत्काल गर्नुपर्ने काम शिक्षाः मानवीय सम्पदाको अभिवृद्धि बिना अर्थात् उत्पादन प्रणालीको सक्रिय उत्पादक शक्ति मानिने मान्छेको क्षमता अभिवृद्धि नगरेसम्म समाज विकसित हुन सक्दैन। चेतनाको सबै रूपहरू पल्लवित हुन, फल्न फुल्न शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ। त्यसैले नेपालमा शिक्षासम्बन्धी प्रचलित दार्शनिक सोचमा परिवर्तन ल्याउन हाम्रो सिंगो पार्टी कटिबद्ध छ।

नेपाली समाजका तीन प्रमुख बाधाहरूः( १) मानव समाजकै कलङ्कको रूपमा रहेको जात व्यवस्था (२) पितृसत्तात्मक सोच (३) विज्ञानभन्दा आस्थालाई प्राथमिकता दिने परम्परावादी जडसोचलाई निषेध गर्नु आजको प्रमुख आवश्यकता हो। हाम्रो शिक्षा सम्बन्धी सोच र प्रणालीलाई यसै दिशामा विकसित तुल्याउनु पर्दछ। विज्ञानमा भरोसा गर्ने, सबै मानवलाई समान ठान्ने, मानवलगायत आफ्नो ग्रह (Planet) प्रति संवेदनशिल नयाँ मान्छे तयार पार्नु हाम्रो शिक्षाको मूल उद्देश्य हुनेछ। यसका निम्ति हाम्रो पार्टी पाठ्यक्रममा व्यापक परिवर्तन ल्याउन प्रतिबद्ध छ। नेपाली समाजको आवश्यकता एकातिर, शिक्षाले तयार पार्ने शिक्षित जनशक्ति अर्कोतिर रहेको विद्यमान अन्तरविरोधलाई समाधान गर्न हामी भूगोल, संस्कृति, अर्थतन्त्र आदिको आधारमा बेग्ला-बेग्लै भूगोलमा फरकफरक पाठ्यक्रम तयार पार्ने कामलाई अगाडि बढाउने छौं। शिक्षकहरूलाई आवधिक तालिममा सामेल गराउने काम अनिवार्य रूपमा अगाडि बढाउने छौं। हाम्रो पार्टी प्रभावी रहेको ठाउँमा प्रत्येक कक्षाका विद्यार्थीका अभिभावक र शिक्षकहरूकाबीच प्रत्येक तीन महिनामा शिक्षक-अभिभावक जीवन्त छलफल आयोजन हुनेछन्। हाम्रा पार्टीका इकाइहरूले नियमित रूपमा विद्यालयको अनुगमन गर्नेछन्। हाम्रो पार्टी सदस्यले निर्वाचन जितेको इकाईमा अनिवार्य रूपमा कुल बजेटको दश प्रतिशत वा त्यसभन्दा माथिको रकम शिक्षामा र घटिमा दश प्रतिशत बजेट स्वास्थ्यमा छुट्याइनेछ। हाम्रो प्रभाव बलियो भएको ठाउँमा समेत यो नीति लागू गर्न प्रयास गरिनेछ। यो रकमको सदुपयोगका निम्ति पार्टीले विशेष पहल गर्नेछ। यसबाहेक कृषि पर्यावरण र पर्यावरणमैत्री पर्यटनमा विशेष जोड दिन हाम्रा सबै पार्टी कमिटिहरू परिचालित हुनेछन्। स्वास्थ्यः देशका सबै वडाहरूमा जनस्वास्थ्यको सञ्जाल विस्तार गर्नेछौ। रक्तचाप, मधुमेह, छातिको एक्सरे, दिशापिसावको परीक्षण गर्ने प्रयोगशालाको निर्माण सबै वडाहरूमा गरिनेछ। जनस्वास्थ्य केबल चिकित्साशास्त्रको विषय नभएर राजनीतिसँग प्रत्यक्ष जोडिएको विषय हो भन्ने अवधारणालाई हामी भुइँ तहसम्मै पुर्याउने छौं। प्रत्येक वडामा स्त्री रोग विशेषज्ञ, शिशु स्याहार र शिशु स्वास्थ्य विशेषज्ञको व्यवस्था गरिनेछ। परम्परागत चिकित्सा व्यवस्थालाई क्रमशः वैज्ञानिक बनाउँदै लैजाने कुरामा हाम्रो विशेष जोड रहनेछ। झारफुक गर्ने, जडिबुटीको उपचार गर्ने, स्थानीय धाई आदिलाई ज्वरो जाँच्ने, रक्तचाप जाँच्ने, मधुमेहको परीक्षण गर्ने तालिम दिँदै उनीहरूसँग भएका ज्ञान र शिपलाई वैधानिकता दिनेछौं। उनीहरूमा व्याप्त अन्धविश्वासलाई हटाउँदै जाने कुरामा हाम्रो विशेष ध्यान हुनेछ। अन्यथा, यो समुदाय अन्धविश्वासकै पूर्णकालिन वाहक बनिरहनेछन्। कृषिः निर्वाहमुखी कृषिलाई औद्योगीकरण गरेर नेपाली समाजको कायापलट गर्ने नाममा खरबौं रूपैयाँ खर्च भएको छ। परिणाम हाम्रो अगाडि छ। त्यसैले खेतबारीलाई कारखानामा फेर्ने यो पूँजीवादी भ्रमबाट जतिछिटो सचेत बन्यो, त्यति नै नेपाललाई फाइदा हुनेछ। हामी देशभर कृषि पर्यावरणीय खेती (Agro ecological farming) को अध्ययन, जाँच पड्ताल गर्दै व्यवहारमा यसलाई लागू गर्नेछौं। नेपालको पर्यावरणीय संवेदनशीलतालाई ध्यानमा राख्दै हामी हाम्रो कृषि पर्यावरणीय गतिविधिसँग पर्यटनलाई संयोजित गर्नेछौं। धारणाका पक्षमा थप आधार

- ब्रम्हाण्डका हरेक वस्तुभित्र विपरीत तत्त्वहरू रहेका हुन्छन्। पार्टी पनि विपरीतहरूको एकत्व हो भन्ने ज्ञानलाई जीवन व्यवहारमा पार्टीले बिर्सने गरेको छ।

- हरेक पटक अन्तरविरोधहरू सतहमा आउन लाग्दा यो बेलामा अन्तरविरोध चर्किदा पार्टीलाई गम्भीर क्षति हुन्छ भन्ने गरिन्छ। अहिले पनि उपचारको पूरानै विधिअपनाउनथालेको छाँट देखिन्छ। खटिरालाईक्यान्सर हुनदिने यो प्रवृत्तित्याग्नु पर्दछ।

- माओको सततःक्रान्तिको सिद्धान्त अनुसार राजनीतिक अधोपतनका विरुद्ध स्थायी सुरक्षाउपायभनेकै दुईलाइन संघर्ष हो। यसप्रतिको हाम्रो अरुचीजगजाहेर छ। बेला कुबेला केहि नेताहरू यसलाई अर्थात् दुई लाइन संघर्षलाई पार्टीलाई जीवन्त र विकशित पार्ने साधन होइन, निजी आकांक्षाहरूको निम्ति मोलमोलाईको साधन ठान्दछन् र बेला-कुबेला दुईलाईन संघर्षको हतियार देखाएर, केवल देखाएर आफ्नो मनसुवा पूरा गर्दछन्।

- सामाजिक वर्गबीचको विरोधलाई समस्याको रूपमा बुझ्न र व्यवहार गर्न बन्द गरिनु पर्दछ। यो बुझाईले सुलह, सम्झौताबाट त्यसको समाधानखोज्दछ। अझ व्यवस्थापन भन्ने नयाँशब्द समेत भित्रिएको छ।

- वर्गको स्वार्थलाई अर्थात् वर्गीय दृष्टिकोण त्याग्दा अन्यविरोधहरू जातीय, क्षेत्रीय, लिंगीय, धार्मिक, सांस्कृतिकलगायतविषयहरू बेस्सरी जिगोलिएका छन्।

- जडसुत्रवादलाई त्याग्नु भनेको सम्पूर्ण रूपले संसदवादमा धसिनु होइन। आज कथित नागरिक समाजले ओगट्न खोजिरहेको तर नसकेको त्यो रिक्तस्थान जहाँबाट उत्पीडित सामाजिक वर्गका पक्षमा महंगी, भ्रष्टाचार, बेरोजगारी, नारी हिंसा, वातावरण विनाश, विदेशी हस्तक्षेप आदिको 'कारगर संघर्ष' संगठित गर्न सकिन्थ्यो, सकिन्छ र सकिने छ।

- पुँजीवादीहरूको सबभन्दा ठूलो सफलता प्रजातन्त्रमाथि उनीहरूको एकाधिकार कायम हुँदै जानु हो। प्रजातन्त्रको राजनीतिक पक्षहरूप्रति कम्युनिष्टहरूको उपेक्षाले उनीहरूको स्वामित्व स्थापितहुन बल पुऱ्यायो। हामीले प्रजातन्त्रको राजनीतिक पक्षमाथि ध्यान दिनु भनेको प्रजातन्त्रको सामाजिक पक्ष अर्थात् रोजगारी, आवास, स्वच्छ पिउने पानी, सडक सञ्जाल, स्वास्थ्यशिक्षा, आदिमाथि उत्पीडित वर्गको पहुँच र अधिकारसहितको प्रजातन्त्रलाई त्याग्नु होइन। यो अवधिमा प्रजातन्त्रको सामाजिक पक्षप्रति हाम्रो पार्टी विल्कुल उदासिन रह्यो।

- समाज पहिले जस्तै अर्धसामन्ती अवस्थामा निश्चय नै रहेको छैन। तर यसको अर्थ यहा भूमिको सन्दर्भमा सामन्ती सम्बन्ध र नीति उन्मूलन भइसक्यो भन्ने बिल्कूल होइन। त्यसैले भूमिसुधारको प्रश्नआजपनि एउटा महत्वपूर्ण प्रश्न रहेको छ र यसको क्रान्तिकारी समाधान जरुरी छ।

- प्रजातन्त्रको सामाजिक पक्ष क्रान्तिकारी भूमिसुधार, जनमुखी शिक्षानीति र सुरक्षा क्षेत्रको पुनर्संयोजनका निम्ति शान्ति प्रक्रियाामा आएपछि हामीले खेल्नुपर्ने र खेल्न सक्ने भूमिका खेलेनौं। त्यसैले ती समस्याहरू ऋाज पनि मुख बाएर उभिएका छन्।

- क्रान्तिकारी कम्युनिष्टहरूले संसदको उपयोग गर्दा वा सरकारमा सामेल हुँदा त्यसलाई शासन गर्ने सौभाग्यका रूपमा बुझ्दैनन्। बरु त्यसको ठीक विपरीत त्यो अवसरलाई विचार, ज्ञान र सोच्ने तरिका फेर्ने कामका निम्ति उपयोग गर्दछन्। हाम्रो सन्दर्भमा त्यस्तो कतै नदेखिएकोले हामी संसदवादमा भासिएकै कुरालाई प्रमाणित गर्दछ। - जनताको क्रान्तिकारी संघर्षलाई नै समाप्त पार्नेगरी बैरी पक्षबीचको अन्तरविरोधमा खेल्ने चातुर्यलाई पूर्ण रूपमा त्याग्नु पर्दछ।

- नेतृत्वको विलक्षणतामा निर्भर रहने, जुनसुकै शक्तिका अगाडि झुक्ने दृष्टिकोण र विश्वास विरुद्ध निरन्तर विचारधारात्मक संघर्ष चलाउनु पर्ने मार्क्सवादी विचारधारात्मक कार्यलाई स्वीकार गरिएन। पार्टीको ऐतिहासिक दस्तावेजमा स-गौरव अमूक र अमूक नेताको मेलले इतिहास नै कोल्टे फर्कियो भनेर लेखिनु मार्क्सवादको उपहास हो।

क्रमशःअन्तिम पृष्ठमा

# सङ्घीयता 'बुख्याँचा र समावेशीतामा 'चटके राजनीति'



**दस्तावेज**

**राम कार्की 'पार्थ'**

अस्थिरता, असमानता र स्वेच्छाचारिता पुँजीवादको नैसर्गिक र स्थायी चरित्र हो । यी सबै हुँदाहुँदै पनि पुँजीवाद हाम्रा अग्रज मार्क्सवादीहरूले अपेक्षा गरेअनुसार समाजवादी क्रान्तिद्वारा प्रतिस्थापित हुन सकेन । अहिलेसम्म विश्वपुँजीवादी व्यवस्थामा आएका संकटहरूलाई टार्न पुँजीवाद सफल देखिएको छ । नयाँ-नयाँ भूगोलमा विचरण गरेर तथा आफ्नो स्वरूप, ढाँचा र तरिकाहरूलाई हेरफेर गरेर पुँजीवादी संकट क्रान्तिकारी संकटमा फड्को हान्नबाट रोकिएको छ । यसमा धेरै हदसम्म त समाजवादी आन्दोलनको कमजोरीहरूले काम गरेको छ ।

गत केहि दशकदेखि विश्वपुँजी व्यवस्था लगातार संकटमा फस्दै गएको छ । संकटको प्रकृति अभूतपूर्व र गम्भीर छ । फ्रेडरिक एंगेल्सको जिवनको अन्तिम वर्षदेखि अक्टोबर क्रान्तिसम्मको अवधिमा यस्तै गम्भिर प्रकृतिको संकटको साक्षी विश्व इतिहास बनेको थियो । तत्कालीन संकटलाई क्रान्तिकारी संकटमा फेर्न कार्ल काउस्की, रोजा लक्जम्बर्ग, भ्लादिमिर इल्यीच लेनिन, लियो जोगीच, कार्ल लिब्क्नेथ, लियोन ट्रटस्की आदिबीच चलेको सैद्धान्तिक वैचारिक संघर्षले अहम् भूमिका निर्वाह गरेको थियो ।

आजको संकट समाधान गर्ने पुँजीवादी पण्डितहरूको प्रयत्न निरर्थक बन्दै गइरहेको छ । पुँजीवादसँग विचरण गर्नका निम्ति नयाँ भूगोल बाँकी छैन । संरचनागत परिवर्तनका निम्ति पुँजीवादी शिविरका विभिन्न शाखाहरूबाट भइरहेको प्रयत्नले पनि खासै असर देखाउन सकेको छैन । दुःखका साथ कबुल्नै पर्छ यस्तो महत्वपूर्ण बेला समाजवादी शिविर शान्त देखिन्छ । लेनिन, रोजा र एन्टेनियो ग्राम्सी जस्ता बौद्धिक क्रान्तिकारी जोधाहाहरू कहीँ कतै देखिँदैनन् । संकट विभिन्न रूप र भंगीमा प्रकट भइरहेता पनि नयाँ विश्वव्यवस्था निर्माण गर्न चाहिने वैचारिक बीजको राम्रो गोडमेल हुन नसक्नु नै यसको प्रमुख कारण हो । हाम्रो पार्टी नेकपा ( माओवादीकेन्द्र)का अध्यक्ष क. प्रचण्डले यही मर्मलाई निरन्तर प्रकट गर्दै आउनु भएको छ ।

- अन्तर्राष्ट्रिय परिस्थितिः सोभियत संघको विघटनपछि केही कालका निम्ति एक ध्रुवीय विश्वको सम्भावना बढेर गयो । तर, चाँडै नै संयुक्त राज्यअमेरिकाको खस्कँदो आर्थिक स्थितिले बहुध्रुवीय विश्वले आकार लिन थाल्यो । वैचारिक, सैद्धान्तिक रूपमा विश्वपुँजीवादी व्यवस्थालाई चुनौती दिने अर्को ध्रुव टड्कारो रूपमा देखा परिसकेको स्थिति छैन । तर, यो अवधीमा विश्वको राजनीतिक शक्ति सन्तुलनलाई नै हेरफेर गर्नसक्ने केही महत्त्वपूर्ण आर्थिक, राजनीतिक र सामरिक विकासहरू भएका छन् । विश्वपुँजीवादी अर्थतन्त्रको प्रादुर्भाव पूर्व संसारकै धनको भकारी भनेर चिनिने चीनको आर्थिक पुनरोदयले विश्वकै शक्ति सन्तुलनलाई प्रभावित पारेको छ । स्मरणीय छ कि पलासीको युद्धमा पराजित भएपछि नै विश्वकै प्रमुख धनी मुलुक भारत उपनिवेश बन्न पुग्यो र भारतको निर्वाध लुटपछि नै बेलायतले प्रतिद्वन्द्वी जर्मन र फ्रान्सलाई उछिनेर एक नम्बर साम्राज्यवादी देश बन्न गएको हो । यसरी किनारामा धकेलिएको भारत र अफिम युद्धपछि निर्णायक रूपमा निर्धो मुलुक बन्न पुगेको चीन अब किनाराका देश रहेनन् । कुनै समय एसियाको पछौटे मुलुक मानिने यी दुई देशहरू विश्वपुँजीवादी अर्थतन्त्रको केन्द्रमा उपस्थित हुन भरमग्दुर प्रयास गरिरहेका छन् । पुँजीवादी विकासको जुन चरणमा पुगेपछि युद्ध अपरिहार्य बन्न जान्छ यसबाट बच्ने चिनियाँ प्रयास प्रशंसनीय त छ तर भविष्यले चीनलाई कुन प्रकारको रणनीति अख्तियार गर्न बाध्य पार्ला त्यो भने अनिश्चित छ । जे होस् कतिपय मार्क्सवादी अर्थशास्त्रीका अनुसार विश्वपुँजीवादलाई विचरण गर्न अब कुनै नयाँ भूगोल बाँकी छैन । त्यसैले त्यसको अन्त्य पनि मुख्यतः चिनीयाँ, भारतीय, ब्राजीलियन र इण्डोनोशीयाली कामदार वर्गकै बलमा सम्पन्न हुनेछ । यहि हाँगामा नेपाली उत्पीडित वर्ग पनि सामेल हुनु पर्दछ ।

- घरेलु परिस्थितिः संघर्षरत दुई वर्गमध्ये कुनै एक वर्गको निर्णायक जित नभएको स्थितिमा नेपाल रुमलिइरहेको छ । उदाउँदो चीनलाई घेर्ने संयुक्त राज्य अमेरिकाको रणनीति अन्तरगत उसले भारतसँग सबै प्रकारको गठबन्धन गरिरहेको छ । आफ्नो कुनै दीर्घकालीन रणनीति निर्माण गर्न असमर्थ हाम्रो नेपाल, चीन र भारतबीच अवस्थित छ । सित युद्धको संघारमा हामीले बुद्धिमतापूर्वक देश र जनताको हित हुने तत्कालीन र दीर्घकालीन नीतिहरू अख्तियार गर्न सकेनौं भने हाम्रो भविष्य भयावह हुने निश्चित छ । सामन्तवादको निर्णायक उच्छेद नहुँदै नेपालको नशा-नशामा दलाल पुँजीवादका विशालु प्रभावहरूको विस्तार भयो । हाम्रो आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र शैक्षिक नशाहरूबाट सामन्तवादको विष नउत्रँदै दलाल तथा नोकरशाही पुँजीवादका विषहरू फैलिए ।

समय र परिप्रेक्षअनुसार पुँजीवाद विभिन्न मायावी रूपमा प्रकट हुने गर्दछ । हामी के कुरामा ढुक्क हुनुपर्छ भने हाम्रो मुख्य लडाईं पुँजीवादका विरुद्ध हो र यसमाथिको विजयबाट प्राप्त हुने समाजवाद हो । दलाल पुँजीवाद समाप्त गरेर राष्ट्रिय पुँजीवाद कायम गर्ने सोच भनेको यथास्थितमै रमाइरहने सोच हो ।

- आगामी कार्यभार अन्तर्राष्ट्रिय वर्गसंघर्षको सबैभन्दा जेलिएको गाँठो एसियातर्फ सर्दैछ भने जनयुद्धको क्रममा गरिएको संश्लेषण र हिजोसम्म किनाराका देश मानिने चीन र भारतको आर्थिक तथा राजनीतिक उदयले यो वैचारिक राजनीतिक हाँक हाम्रा निम्ति ध्यान दिनुपर्ने होइन जोड दिनुपर्ने कार्यभार बन्न गएको छ । माओत्सेतुङले हामीलाई सिकाउनु भएको छ कि ज्ञान आकाशबाट खस्कँदैन । 'उत्पादनको निम्ति संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोग' उहाँले स्रोतको रूपमा औंल्याउनु भएको यी तीन क्षेत्रलाई उपेक्षा गरेर नयाँ विचारको कुरा गर्नु काल्पनिक उडान हुनसक्छ । तर, त्यस्ता उडानले आजको विश्वको कार्यभार पूरा गर्न सकिँदैन । माओको यही शिक्षाको पनि पुनःअध्ययन र पुनर्व्याख्या हुन जरुरी छ । हाम्रो विनम्र राय के छ भने वैज्ञानिक प्रयोग भन्नाले प्रकृति विज्ञानका निम्ति तयार पारिएका प्रयोगशाला मात्र बुझिनु हुन्न । समाजमा गरिने सामाजिक, राजनीतिक, सांस्कृतिक प्रयोगहरूलाई पनि वैज्ञानिक प्रयोगशालाकै कोटीमा राखिनुपर्छ । यसैले हाम्रा सम्मेलन, बैठक, अधिवेशन र महाधिवेशनहरू नीति प्रधान कार्यक्रम बनाइनु पर्दछ । मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा समाज, इतिहास, अर्थतन्त्र, राजनीति आदिको थप अध्ययन, थप छलफल, थप व्याख्या गर्नुसँगै मार्क्सवाद-लेनिनवाद-माओवादकै पनि थप अध्ययन, थप छलफल, थप व्याख्या गरिनु पर्दछ । यो क्रम घट्दो रूपमै सही विश्वविद्यालयहरूमा चलि नै रहेका छन् । तर, जुन समाजमा वर्गसंघर्ष तीव्र छ, त्यहाँ यसप्रकारको अध्ययन, अनुसन्धान र व्याख्याको काम अत्यन्त न्यून रूपमा मात्र भएको छ । आरोप त यहाँसम्म लाग्ने गरेको छ कि कम्युनिस्ट पार्टी प्रभावी रहेको ठाउँमा विचार, कला र चेतनाका अन्य शाखाहरूमा सिर्जनात्मक काम प्राथमिकता मै पर्न छोडेका छन् । रमाइलो कुरा जुन मुलुकमा कम्युनिस्ट पार्टी प्रभावी छैन, त्यहाँका विश्वविद्यालयहरूमा भने सिद्धान्त, विचारधारा, राजनीतिक दर्शन आदिको विषयमा छलफलहरू हुने गरेको पाइन्छ । कम्युनिस्ट पार्टी प्रभावी रहेको समाजमा पनि सयौं फूलहरू फुल्छन् भन्ने मान्यतालाई स्थापित गर्नु जरुरी छ । सिद्धान्त र राजनीतिको सन्दर्भमा हुने वाद-विवादमा हाम्रो पार्टीका लाखौं सदस्यहरूलाई सहभागी गराउनु हाम्रो प्रमुख दायित्व हो । चीन र भारतका अरबौं जनताको केन्द्रमा रहेको लाखौं नेपाली जनताको बीच चल्ने यो बहसले ती अरबौं जनताको ध्यान वैचारिक विकासको यो मुद्दातर्फ निश्चय नै आकर्षित गर्नेछ । दोस्रो र महत्त्वपूर्ण कुरा लाखौं नेपाली कम्युनिस्टहरूको बीचमा चल्ने त्यो वादविवाद, प्रतिवाद र छलफलले उत्पन्न गर्ने उर्जाको बलमा हामी हाम्रा प्रगतिशील कार्यक्रमहरू लागू गर्न सक्षम हुनेछौं । नेपालको यातायात व्यवस्थालाई कसरी समाजवादी यातायात व्यवस्थामा फेर्ने भन्ने बहसका बीच सिण्डिकेट समाप्त पार्ने कार्यक्रम सरकारले सुरु गरेको भए परिणाम विल्कुलै बेग्लै आउने थियो । नेपालको शिक्षालाई कसरी जनवादी र वैज्ञानिक बनाउन सकिन्छ ? हाम्रा पाठ्यक्रमहरूमा जमेर बसेको 'आस्था, जात व्यवस्था, पितृसत्ता र जडसुत्र'लाई फेरेर समाजवादी सोच र प्रणालीलाई कसरी प्रभावी बनाउने भन्ने बहसकाबीच सरकारले जनपक्षीय शिक्षा नीति र कार्यक्रम अगाडि सार्यो भने मात्र हामीले शिक्षामा चाहेको परिवर्तन ल्याउन सक्छौं ।

नेपालमा चलेको महान् जनयुद्धले प्रजनन् गरेका मूल्य, सदाचार, आत्मबलिदान, सामूहिकता आदिमध्ये कतिपय मानवीय सम्पदाहरूको क्षय हुँदै गएपनि गणतन्त्र, संघीयता, समावेशी प्रजातन्त्रजस्ता मूर्त राजनीतिक नाराहरू अहिले पनि नेपाली राजनीतिको केन्द्रमा मडारिइरहेका छन् । नेकपा माओवादीबाहेक अन्य क्रियाशिल राजनीतिक पार्टीहरू यी तिनैवटा राजनीतिक प्रवर्गसँग सैद्धान्तिक विमति राख्ने पार्टी हुन् । आज यी मुद्दाहरूको संरक्षण र सम्बर्द्धन गर्नु माओवादीको केवल चाहनामात्र होइन बाध्यता पनि हो । यी मुद्दाहरूमा तल-वितल पर्नासाथ माओवादीका अस्तित्त्वमाथि प्रश्न खडा हुन्छ । हरेक क्रान्तिले आफूलाई नयाँ पदावलीहरूमा अभिव्यक्त गर्दछ । संघर्षका भीषण कालहरूमा नयाँ पदावलीहरूले जन्म लिन्छन् र कतिपय प्रचलित र पुराना पदावलीहरूले पनि नयाँ अर्थ धारण गर्दछन् । गणतन्त्र, संघीयता र समावेशी प्रजातन्त्र नेपालको मौलिक क्रान्तिले सिर्जना गरेका जैविक पदावलीहरू हुन् । भलै सदियौंदेखि शब्दभण्डारमा यिनिहरूको अस्तित्त्व थियो । तर, आज जनयुद्धले नयाँ अर्थहरू यी पदावलीमा जोडिदिएका छन् ।

- गणतन्त्र हाम्रो गणतन्त्र चीन, भारत वा अन्य

कुनै पनि देशको गणतन्त्रभन्दा मौलिक रूपले भिन्न छ । कतिपय मुलुकमा राजा, महाराजाहरूको आपसी कलहले गणतन्त्र स्थापना भएका छन् भने कतिपय मुलुकमा विदेशी हस्तक्षेपपछि गणतन्त्र स्थापना भएको छ । नेपालमा भने सय कडौं वर्षदेखि अन्याय, दमन, आक्रमण आदिका विरुद्ध श्रमजीवि जनताले चलाएको संघर्षको विकसित मूर्तरूप नै गणतन्त्र बन्न पुग्यो । हाम्रो गणतन्त्र जात व्यवस्था विनाश गर्ने प्रभावी हतियार बनेर विकसित हुनुपर्दछ । हाम्रो गणतन्त्रले पितृसत्तात्मक सोचलाई क्रमशः निर्मूल गर्दै जानु पर्दछ । हाम्रो गणतन्त्रले परम्परा, स्वायत्तता आदिको मुखुण्डो लगाएर बाँचिरहन चाहने जडतालाई समाप्त गर्न सक्नुपर्दछ । राजनीतिक रूपमा स्थापित भएको गणतन्त्रलाई हाम्रो विद्यालयमा, कामका विभिन्न क्षेत्रहरूमा (यहाँसम्म कि घरमा) विस्तार गर्न, विकसित पार्न चुक्यौं भने हाम्रो गणतन्त्रले आफ्नो अर्थ, मूल्य र ग्राह्यता गुमाउनेछ । हाम्रो शिक्षा, कृषि, स्वास्थ्य, उद्योग नीतिहरूमा गणतन्त्र टड्कारो भएर देखा पर्नु पर्दछ । हाम्रो देशमा सामाजिक जीवनको हरेक क्षेत्रमा गणतन्त्रको विस्तार, विकास र सम्बर्द्धन गर्न हामी प्रतिबद्ध बन्नु पर्दछ । नागरिकहरूको तहमा गणतन्त्रको उपादेयता र औचित्य पुष्टि गर्दै यसबाट प्राप्त भएको परिवर्तनको अनुभूति गराउन सक्नुपर्दछ ।

- संघीयता नीति निर्माणमा जनताको विशेषतः उत्पीडित हिस्साको सहभागीता सुनिश्चित नभएसम्म प्रजातन्त्रको सर्वाङ्गीण विकास हुन सक्दैन । चौरमा, चौतारामा, विद्यालय परिसरमा, गुन्द्री, राडीपाखी आदिमा बसेर कुलो, कुलेसो, पुलपँधेरा, बाटोघाटो, स्वास्थ्यकेन्द्र, विद्यालय आदिबारे नीति निर्माण गर्न सकियोस् भन्ने उद्देश्यका साथ हामीले संघीयतालाई आफ्नो राजनीतिक मुद्दा बनाएका हौं । यो निर्धन मुलुकका जनप्रतिनिधिहरू करोडौंको गाडीमा सवार भएर न्वारान, पास्नी, जन्मदिन मनाउने आतिथ्य सत्कार गरुन् भन्ने उद्देश्य हाम्रो कदापि थिएन । संघीयताले बजेटको एउटा हिस्सा स्थानीय तहमा त ल्याईदियो तर, त्यसको विचरण र अनुगमनको संयन्त्र तयार हुन सकेको छैन । अर्थात्, मजदुर-किसान जस्ता आधारभूत तहका जनताको निगरानी ती विकास निर्माण आदिमा कायम हुन नसक्दासम्म हाम्रो संघीयता जनतालाई पीडा प्रदान गर्ने 'बुख्याँचा' सावित हुनेछ ।

- समावेशी प्रजातन्त्र निश्चित समयमा शासकवर्गको विचारधारा नै शासकीय विचारधारा रहन्छ भन्ने इतिहासमा पटक- पटक प्रमाणित भएको सत्य हो । बौद्धिक सम्पदा माथि, ज्ञान माथि एउटा सानो समुदायको आधिपत्य कायम रहने र तिनैको विवेकले, दयाले प्रदान गरिने सिदा-दानले उत्पीडित वर्गको मुक्ति न कहिल्यै भएको थियो न कहिल्यै हुनेछ । लाखौं दलित, लाखौं लोपउन्मुख जनजाती, करोडौं महिला आदिको बीचबाट १०/२० जना आज्ञाकारी खोजेर तिनलाई दिइने पद, विभूषण, सुविधालाई समावेशी प्रजातन्त्रको मुलम्मा (lint) चढाउने चटके राजनीतिलाई विदा दिएर उत्पीडितहरूको मुक्तिका निम्ति आवश्यक नीति निर्माणमा स्वयम् उत्पीडितहरूकै सहभागिता सुनिश्चित गर्ने प्रजातन्त्र हाम्रो समावेशी प्रजातन्त्र हो । तथाकथित माथिल्ला तहहरूमा पाँच जना दलितलाई टिपेर प्रजातन्त्रको डङ्का गर्ने परिपाटीलाई पूर्णतः रोक लगाएर सिङ्गो दलितको मुक्तिको निम्ति जात व्यवस्थालाई विनाश गर्ने नीति बनाउनु र त्यसमा सम्पूर्ण उत्पीडित तप्कालाई विश्वस्त पार्नु हाम्रो कार्यभार हो । हामी यो कार्यभार पूरा गर्न सम्पूर्ण पार्टी पंक्तिलाई परिचालन गर्नेछौं ।

- उन्नत गर्नैपर्ने वैचारिक सैद्धान्तिक प्रश्न उत्पीडितहरूको मुक्तिको सैद्धान्तिक वैचारिक हतियार मार्क्सवाद हो भने मार्क्सवादको भौतिक शक्ति सर्वहारा वर्ग हो । नेपालको अर्थमा उत्पीडित वर्ग र जात व्यवस्थाद्वारा उत्पीडित बनाइएका समुदाय । निरन्तर साँध लाइरहनु पर्ने वैचारिक हतियारमा खिया लाग्न लागेको अवस्थामा वैचारिक बहसको थालनी हाम्रो 'दुम्ला दस्तावेज' को पुनर् अध्ययन, पुनर् ब्याख्या र संसोधन (हामी कहाँ संसोधन शब्द प्रति अरुचि छ) बाट हुन सक्दछ । दुम्ला दस्तावेजले उठाउन खोजेको मुख्य विषय क्रान्तिकारी आन्दोलनको निरन्तरता र संक्रमणकालिन सत्ता कै प्रश्न हो । राजनीतिक सत्ताको प्रश्नमाथि विचार गर्दा मार्क्सवादीहरूले मार्क्स र एङ्गेल्सले पेरिस कम्युनप्रति व्यक्त गरेका धारणाहरूलाई दिशा निर्देशका रूपमा लिँदै आएका छन् । मार्क्सका मेधावी उत्तराधिकारीहरूको रूपमा स्थापित लेनिन, रोजा लक्जम्वर्ग, यहाँसम्म कि माओले

क्रमशःदोस्रो पृष्ठमा

'पूर्खाको पौरख, पनौतीको गौरव : १२ वर्षे मकर मेला हामी सबैको वैभव'

'घुम्न जाऔं पनौती यही माघैमा, भरौं मकर कमाऊँ पुण्य हाम्रो साथैमा'

स्तरीय, सुरक्षित बसाइमा होमस्टे, होटल, रिसोर्ट/यात्राका लागि सार्वजनिक बस सेवा,

राजधानी काठमाडौंबाट मात्र ३२ कि.मी. दक्षिण-पूर्व पनौतीको पवित्र त्रिवेणी घाटमा

१२ वर्षे मकर मेलामा सहभागी बनौं ।

पनौती नगरपालिका

मकर मेला मूल व्यवस्थापन समितिको सचिवाल

# सहिद सप्ताह औपचारिकतामै सीमित




**काठमाडौं ।** यस वर्ष कोरोना प्रभावका कारण शहीद सप्ताह कार्यक्रम औपचारिक रूपमा मात्र मनाइएको छ। महामारीको प्रभावले गर्दा शहीद सप्ताहको दिन माघ १६ गते हुने प्रभातफेरी कार्यक्रम पनि नहुने काठमाडौं महानगरपालिकाले जानकारी दिएको हो।

कामपा प्रमुख विद्यासुन्दर शाक्यका अनुसार कोभिड–१९ महामारीको तेस्रो लहर नियन्त्रणका लागि विगतकै शहीद दिवस मनाउन पाइएन। विगतका वर्षमा माघ १६ गते शहीद दिवसको दिन बिहान ९ बजे रत्नपार्कको शान्तिबाटिकाबाट प्रभातफेरी कार्यक्रम आयोजना गरी लैनचौरको शहीद स्मारकमा पुगेर ज्ञातअज्ञात शहीदको सम्झनामा गर्ने गरिएको थियो।

कोभिडका कारण प्रभातफेरी कार्यक्रम नहुने भएपछि लैनचौरको शहीद स्मारकमा संक्षिप्त स्मृति कार्यक्रम मात्र गरिनेछ। कार्यक्रममा प्रधानमन्त्रीसहित केही उच्चपदस्थ अधिकारी मात्र उपस्थित रहने कार्यक्रम रहेको प्रमुख शाक्यले बताए।

शहीद सप्ताहको पहिलो दिन माघ १० गते सीमित व्यक्तिको सहभागितामा शुक्रराज शास्त्रीको शालिकमा पुष्पगुच्छा अर्पण गरियो। शहीद सप्ताहका दोस्रो दिन माघ १३ गते सिफलमा शहीद धर्मभक्त माथेमाको शालिकमा र १५ गते शोभा भगवतीमा गंगालाल श्रेष्ठ र दशरथ चन्दको शालिकमा सीमित पदाधिकारी उपस्थित भएर शालिकमा पुष्पगुच्छा अर्पण गरी मनाउने कार्यक्रम रहेको छ।

महानगरले प्रजातन्त्र प्राप्तिका लागि ज्यानदण्ड पाएका चार शहीदको पूर्णकदको शालिक सहादत प्राप्त गरेकै स्थानमा निर्माण भइसकेका छन्।जहानीँया निरङ्कुश राणाशाहीविरूद्ध प्रजातन्त्रका लागि जनतालाई सचेत गराउने राणाकालीन सहिदको सम्झना गर्दै प्रथम सहिद शुक्रराज शास्त्रीको योगदानको सम्झना गर्दै सहिद सप्ताह शुरू भएको छ। उतिबेलाको मुलुकले झेल्न बाध्य जहानियाँ शासनप्रणालीको अन्त्य गरी जनहितकारी सत्ता स्थापना गर्ने अभियानमा जीउज्यान छाडेर लागेका नेपाली आमा होनहार चार सहिदको सम्झनामा सोमबारबाट सहिद सप्ताह शुरू भएको हो।

सप्ताहको पहिलो दिन माघ १० गते काठमाडौंको टेकु पचलीस्थित शुक्रराजको शालिकमा पुष्पगुच्छा अर्पण गर्दै मुलुकका लागि उनले गरेको जीवन उत्सर्गप्रति सम्मान गरिएको छ। शास्त्रीलाई प्राणदण्ड दिइएको स्थान पचली पुगेर कामपाका प्रमुख विद्यासुन्दर शाक्य, उपमेयर हरिप्रभा खड्गी श्रेष्ठसहित पदाधिकारीले पुष्पगुच्छा अर्पण गरेका थिए।

बुबा माधवराज जोशी र आमा रत्नमायाका महिला सन्तानका रूपमा विसं १९५० मा जन्मिएका शुक्रराजले विसं १९९४ मंसिर १३ गते काठमाडौंको इन्द्रचोकमा पहिलो आमसभाबाट जनतामाझ राणाशासन विरूद्ध एकजुट हुन आह्वान गरेका थिए। तत्कालीन शासकको आँखाको कसिङ्कर बनेका उनलाई त्यसलगत्तै आठवटा मुद्दामा फसाई विसं १९९७ माघ ६ गते दिउँसो सर्वस्वहरणसहित फाँसीको सजाय सुनाइयो सोही माघ १० गते राती झुण्ड्याएर मारियो।

जोशी परिवारमा जन्मिएको प्रारम्भिक शिक्षा संस्कृतबाट शुरू भएको थियो। बुवा माधवराजले नै उनलाई संस्कृत शिक्षा दिन शुरू गराएका थिए। उनले पछि उच्चश्रेणीमा संस्कृत भाषामा शास्त्री उत्तीर्ण गरेसँगै 'शास्त्री' भनिएको हो। भारतकै बनारसमा जन्मिएका शुक्रराजले देहरादुनस्थित अच्युतानन्दको गुरुकुलबाट प्रारम्भिक शिक्षा लिएका उनले इदाहवादकै आर्य समाज विद्यालयमा केही समय प्रधानाध्यापकका रूपमा काम गरेको थिए। पञ्जाबको विश्वविद्यालयबाट अंग्रेजी विषयमा स्नातक गरेपछि उनी स्वदेश फर्केका थिए।

सोही क्रममा पटना, दार्जिलिङ, कलकत्तालगायत स्थानमा भएका नेपाली भाषीबीच नागरिक अधिकारका विषयमा संगठन बनाउन थालिसकेका उनलाई स्वदेश फर्किएसँगै उपत्यकामा नजरबन्दमा राखिएको थियो। त्यसो हुँदाहुँदै पनि शास्त्रीले विसं १९९४ मा असनमा आफ्नै अध्यक्षतामा नागरिक अधिकार समिति गठन गरेर धार्मिक गतिविधिमार्फत् जहानियाँ शासनविरूद्ध जागरण अभियान सञ्चालन गर्ने क्रममा विसं १९९४ मंसिर १३ गते इन्द्रचोकमा मानिसलाई भेला गराएर गीताका श्लोकमार्फत जहानियाँ शासनको आलोचना गरेको थियो। राणाको विरोध गरेको त्यही आरोप लगाएर उनलाई पक्राउ गरिएको थियो। विसं १९९७ माघ ७ गते सिंहदरबारमा राजा त्रिभुवन र प्रधानमन्त्री जुद्धशमशेरसहितको इजलासले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द र पूर्णनारायण प्रधान गरी पाँच जनालाई सर्वस्वसहित ज्यान सजायको फैसला सुनाइएको थियो।

यसरी जेल सजाय भोगिरहेकै बेला राणा शासनविरूद्ध देशविदेशमा भएका भूमिकामा नाइके भएको आरोप लगाएर शास्त्रीलाई विसं १९९७ माघ १० गते टेकु पचलीस्थित खरिबोटमा झुण्ड्याएर प्राणदण्ड दिइएको थियो। महानगरले प्रजातन्त्र प्राप्तिका लागि ज्यानदण्ड पाएका चार सहिदको पूर्ण कदको शालिक उनीहरूले सहादत प्राप्त गरेकै स्थानमा स्थापना गरिसकेको छ।

यसवर्ष सहिद सप्ताहका अन्य कार्यक्रम माघ १३ गते सिफलमा शहीद धर्मभक्त माथेमाको शालिकमा र १५ गते शोभा भगवतीमा गंगालाल श्रेष्ठ र दशरथ चन्दको शालिकमा पुष्पगुच्छा अर्पण गरी मनाइने कार्यक्रम रहेको छ।

कोरोना महामारीका कारण सरकारले संक्रमण रोकथाम र नियन्त्रणका लागि यसपटक स्वास्थ्य मापदण्ड अपनाउँदै सीमित पदाधिकारी उपस्थित भएर शास्त्रीको शालिकमा पुष्पगुच्छा अर्पण गरिएको हो।

सहिद विवाह अर्का सहिद धर्मभक्त माथेमाकी बहिनी मेनका देवीसँग भएको थियो।

# माघ २७ मा पदाधिकारी, स्थायी समिति, पोलिटब्युरो र केन्द्रीय सदस्य चयन

**काठमाडौं ।** सत्ता साझेदार नेकपा (माओवादी केन्द्र) ले केन्द्रीय पदाधिकारीहरूको चयन र बाँकी रहेका केन्द्रीय सदस्यहरूको मनोनयन माघ २७ मा गर्ने भएको छ। अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले हालै अन्तरपार्टी परिपत्र जारी गर्दै पार्टीपंक्तिमा सोको जानकारी गराएका हुन्।

यसअघि मिति तोकेर पनि दुई पटक स्थगित केन्द्रीय समितिको बैठक माघ २७ देखि काठमाडौंमा बस्ने र सोही बैठकले पदाधिकारी चयन, केन्द्रीय समितिको पूर्णता, समसामयिक राजनीतिलगायतका निर्णय गर्ने अध्यक्ष प्रचण्डले जनाएका छन्। आठौं राष्ट्रिय महाधिवेशन सकिएको डेढ महिनापछि केन्द्रीय समितिले पूर्णता र पार्टीले केन्द्रीय पदाधिकारी पाउने भएको छ।

पुस ११-१८ मा राजधानीमा सम्पन्न आठौं राष्ट्रिय महाधिवेशनपछि अध्यक्ष बाहेकका पदाधिकारी चयन गर्न र विभिन्न कलस्टरबाट केन्द्रीय सदस्य मनोनीत गर्न बाँकी छ। सोही प्रयोजनका लागि पुस २५ बोलाइएको बैठक माघ ८ मा सारिएको थियो। माघ ८ मा पनि कोरोना महामारी उत्कर्षमा पुगेका कारण बैठक बस्न नसकेपछि माघ २७ मा बोलाइने भएको हो।

सोही बैठकले नै केन्द्रीय पोलिटब्युरो र स्थायी समिति समेत गठन गर्ने अध्यक्ष प्रचण्डद्वारा जारी अन्तर्पार्टी परिपत्रमा उल्लेख छ। सोही बैठकले केन्द्रीय सदस्यहरूको कार्यविभाजनसहित महाधिवेशनबाट पारित कार्यदिशाअनुरूप कार्ययोजना निर्माण समेत गरिने सो परिपत्रमा प्रचण्डले उल्लेख गरेका छन्।

केन्द्रीय समितिको सो बैठकले अर्को निर्णय नलिएसम्म यसअघिकै प्रदेश, जिल्ला समन्वय समिति, विभाग र जनवर्गीय एवं मोर्चा संगठनहरूका इन्चार्जहरूलाई नै यथावत कार्यसञ्चालन गर्न भनिएको छ। सबै प्रदेश समितिहरूलाई आ-आफ्ना प्रदेश समिति सदस्य र पदाधिकारी निर्वाचन कार्यलाई यथासिघ्र पूर्णता दिन पनि अध्यक्ष प्रचण्डले निर्देशन दिएका छन्।

# सबै सिटमा पाँचदलीय गठबन्धन विजयी हुन्छ : अध्यक्ष नेपाल

**काठमाडौं ।** राष्ट्रियसभाको निर्वाचनमा सम्पूर्ण सिटमा पाँच दलीय गठबन्धनकै विजयी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले ठोकुवा गरेका छन्।

राष्ट्रियसभाको निर्वाचनका लागि पाँच दलीय गठबन्धन मिलेर उमेदवारी तय गरेकाले सबै सिटमा गठबन्धनको विजयी हुने अध्यक्ष नेपालले स्पष्ट पारेका हुन्। आलोकनगरस्थित पार्टी कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले राष्ट्रिय राजनीतिमा आफ्नो दलले तरंग पैदा गराएको दावी गरे।

आफ्नो दलले पाँच सिट पाएको उल्लेख गर्दै उनले तीसहित पाँचै दलका उम्मेदवार सम्पूर्ण सिटमा विजयी हुने विश्वास व्यक्त गरे।

निर्वाचनमा नेपाली कांग्रेसले ६, नेकपा (माओवादी) केन्दले ५, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा पार्टीका तर्फबाट एक सहित १८ वटै स्थानमा आफ्ना उमेदवारहरू विजयी भई मुलुकमा राजनीतिक तरंग पैदा गर्ने अध्यक्ष नेपालको जिकिर थियो।

यसैबीच अध्यक्ष नेपालले आर्थिक मितव्ययिताका लागि तीन तहको चुनाव एकै पटक गर्न सकिने सुझाव समेत दिए। उनले एउटा तहको मात्रै चुनाव गराउँदा झण्डै ५ अर्ब खर्च हुने गरेको दृष्टान्त पेश गर्दै ५ चरणमा निर्वाचन गर्दै विगतमा झन्डै २५ अर्ब खर्च भएको समेत स्पष्ट पारे।

स्थानीय तह, प्रदेश र संघीय निर्वाचनको विषयमा बहस भइरहेको चर्चा गर्दै उनले संविधान सर्वोपरी राखेर कानुनअनुसार नै चुनाव हुनुपर्नेमा जोड दिए। 'एकै पटकमा तीन वटै चुनाव गराउन सक्दा त्यो राम्रो हुन्छ' नेपालले विद्रोहचेतका साथ कम्युनिस्ट आन्दोलन अघि बढाउन पार्टी गठन भएको बताए।

अध्यक्ष नेपालले नेकपा एस जिल्ला हुँदै पालिका र वडा कमिटिसम्म विस्तार भइरहेको अवस्थामा कोरोनाका कारण अवरोध भइरहेको जानकारी दिए।

# कोरोनाको संक्रमण बढेसँगै प्रत्यक्ष भेटघाटमा प्रतिबन्ध

**काठमाडौं ।** नयाँ भेरियन्टसहितको कोरोना संक्रमण बढ्न थालेपछि जुम्ला प्रशासनले जिल्ला कारागारमा रहेका कैदीबन्दीलाई प्रत्यक्ष भेट्न प्रतिबन्ध लगाएको छ। संक्रमण फैलिन नदिने उद्देश्यले कारागार प्रशासनले कैदीबन्दीसँगको भेटघाटमा रोक लगाउने निर्णय गरेको जानकारी दिएको हो।

प्रत्यक्ष भेटघाटले संक्रमण फैलँन सक्ने भन्दै कारागारका जेलर विष्णुबहादुर महतले कारागारको परिपत्रअनुसार भेटघाट बन्द गरिएको जानकारी दिए। कारागार घेराबारदेखि बाहिर कम्तीमा १५ मिटर टाढाबाट मात्रै आफन्तले भेटघाट र कुराकानी गर्नसक्ने व्यवस्था गरिएको समेत महतले बताए।

कोरोना संक्रमणको जोखिम बढेसँगै स्थानीय प्रशासनले समेत सार्वजनिकस्थलमा २५ जनाभन्दा बढी जमघट र भेला हुनसमेत रोक लगाएको छ। कारागारमा रहेकामध्ये १६ कैदीबन्दीमा ज्वरो आउने, टाउको जीउ दुख्ने लक्षण समेत देखिएकाले औषधि चलाएको कारागारका अहेब महेश महतले जानकारी दिए।

उनीहरूको कोरोना परीक्षण नभएको अवस्थाबारे जानकारी दिँदै अहेब महतले हाल एक महिलासहित एकसय १५ कैदीबन्दीमध्ये कोरोनाको १४ जना संक्रमित भएकोर एक जनाको मृत्यु भएको समेत जानकारी दिए।

# भारी हिमपातपछि इस्तानाबुलमा निजी यातायात सञ्चालनमा रोक

**काठमाडौं ।** भारी हिमपातपछि टर्कीको राजधानी इस्तानबुलमा मंगलबारदेखि निजी यातायातका साधन सञ्चालनमा रोक लगाइएको अन्तराष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

टर्कीको सबैभन्दा ठूलो सहर राजधानी इस्तानबुलमा व्यापक हिमपात भएकाले निजी सवारी सञ्चालनमा रोक लगाइएको हो।

इस्तानबुलका गभर्नर अली ऐर्लिकायाले मंगलबार बिहान जारी गरेको वक्तव्यमा सार्वजनिक यातायात मात्रै सञ्चालन गर्न आग्रह गरेको सञ्चारमाध्यमहरूमा उल्लेख गरिएको छ। हिमपातले बाटोहरू पुरिएकाले थोरैथोरै मात्रै खुलाउन सकिएको र थोरै मात्रै खुलाउदा साँघुरो भएको बाटोमा सार्वजनिक यातायात मात्रै चलाउने व्यवस्था गरिएको अलीको भनाइ छ।

हिमपातका कारण साँघुरो भएको बाटोमा निजी यातायातका साधन चलाउँदा सार्वजनिक यातायातका साधन चल्न नमिल्ने भएकाले निजीलाई प्रतिबन्ध लगाइएको गभर्नर ऐर्लिकायाले वक्तव्यमा उल्लेख गरेका छन्। एक करोड ६० लाख मानिस बसोबास गर्ने इस्तानबुलमा अघिल्लो दिन तथा सार्वजनिक दुवै सवारी साधनहरू चलाउन खोज्दा बाटोमा समस्या भएर हजारौं मानिस लामो समयसम्म सडकमै रोकिनु परेको पनि समाचारहरूमा उल्लेख गरिएको छ।

# सुन्तला बिक्रीबाट गाउँका किसान करोडपति

**काठमाडौं ।** यस वर्ष सुन्तला बेचेर जिल्लास्थित जलजला-१ बाँसखर्कका किसान करोडपछि बनेका छन्। मौसम अनुकूल भएर यस क्षेत्रका किसानले सुन्तला बिक्रीबाट झन्डै पाँच करोड रूपैयाँ बराबरको आम्दानी भित्र्याउन सफल भएका छन्।

बाँसखर्कका दुई सयभन्दा बढी परिवारले व्यवसायिक सुन्तला खेतीबाट प्रशस्त आम्दानी गरेको स्थानीय बजार 'मारे सुन्तला उत्पादन सहकारी संस्था बाँसखर्क'का अध्यक्ष जगतबहादुर खत्रीले जानकारी दिएका हुन्।

पोखरा, मुग्लिन र नारायणगढ लगायतका बजारका व्यववसायीले बोटबाटै प्रतिकिलो एकसय ३० देखि एकसय ५० रूपैयाँसम्ममा खरिद गरेपछि सुन्तला किसानले करोडौं भित्र्याउन सफल भएका हुन्। ढिलो गरी पाक्ने र स्वादिलो हुने भएकाले बाँसखर्कका सुन्तलाको माग बढी हुने गरेको खत्रीले बताए।

धान, कोदो र मकैबाट भन्दा बढी फाइदा हुने भएपछि सुन्तलालाई मुख्य आम्दानीका स्रोत बनाएका स्थानीय किसानले न्यूनतम पनि पाँच देखि बढीमा १९ लाख रूपैयाँसम्म आम्दानी भित्र्याएको बताएका खत्री आफूले समेत यस वर्ष १३ लाख रूपैयाँ आम्दानी भित्र्याएको जानकारी दिए।

# फेरि जोर–बिजोर प्रणाली लागू : क–कसलाई छुँदैन ?

**काठमाडौं ।** अघिल्लो शुक्रबार राति बाह्र बजेदेखि अर्को सूचना नभएसम्मका लागि काठमाडौं उपत्यकामा चल्ने सवारी साधनमा जोर-बिजोर प्रणाली लागू हुने भएको छ। यीमध्ये कतिपय अत्यावश्यक सेवाका सवारी साधनमा भने जोर-बिजोर लागू नहुने काठमाडौं र ललितपुर जिल्ला प्रशासन कार्यालयले स्पष्ट पारेका छन्।

जोर-बिजोर नम्बरका आधारमा सवारी साधन सञ्चालन गर्ने स्थानीय प्रशासनको निर्णयमा अन्यौल देखिएपछि दुई जिल्ला प्रशासनले फेरि विज्ञप्ति निकालेर थप स्पष्ट पारेका हुन्। पछिल्लो सूचनाअनुसार औषधि एवं स्वास्थ्य सामग्री बोकेका सवारी साधन, एम्बुलेन्स, दमकल, शवबाहन, ग्यास र पेट्रोलियम पदार्थ बोकेका सवारी साधनमा पनि जोर-बिजोर प्रणाली लागू नहुने भएको छ।

यसैगरी खाद्यान्न, दूधजन्य पदार्थ, फलफूल, तरकारी, पानी, अण्डा, माछामासु, पशुपन्छी, दाना, एवं कृषि तथा पशुजन्य सामग्री बोक्ने सवारी साधन पनि निर्बाधरूपमा सञ्चालन गर्न पाइने छन्। यस्तै निर्माण सामग्री बोक्ने सवारी साधन (चालक र सहचालक मात्र रहने गरी) सञ्चालन गर्न पाइने छ। त्यस्तै, परिचयपत्रको आधारमा बैंक, बीमा, वित्तीय संस्था, वायुसेवा कम्पनी, डाँक तथा कुरियर सेवा र दूरसञ्चार सेवा प्रदायक निकायका कर्मचारीले प्रयोग गर्ने सवारी साधनमा समेत जोर-बिजोर प्रणाली लागू हुने छैन।

सूचना तथा प्रसारण विभागबाट जारी प्रेस पास तथा पत्रकार परिचयपत्र रहेका सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधन एवं सरकारी र कूटनीतिक नियोगका सवारी साधन सञ्चालनमा पनि जोर-बिजोर प्रणाली लागू नहुने जानकारी काठमाडौंकी निमित्त प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले दिएकी छन्।

# त्रिभुवन आर्मीलाई पराजित गर्दै मनाङ मर्स्याङ्दी फाइनलमा




**कास्की ।** पोखरख रंगशालामा जारी २०औं संस्करणको 'आहा ! रारा गोल्ड कप'फुटबल प्रतियोगितामा नेपाली सेनाको त्रिभुवन आर्मी फुटबल क्लबलाई टाइब्रेकरमा पराजित गर्दै मनाङ मर्स्याङ्दी क्लब फाइनलमा प्रवेश गरेको छ।

मनाङले दोस्रो सेमिफाइनलको खेलमा विभागीय आर्मी क्लबलाई टाइब्रेकरमा ४-३ गोलअन्तरले हराउँदै फाइनलमा सशस्त्र प्रहरीको एपिएफ फुटबल क्लबसँगको भेट पक्का गरेको हो। एपिएफले पहिलो सेमिफाइनलमा मच्छिन्द्र फुटबल क्लबलाई हराएको थियो।

नियमित ९० सहित थप गरिएको ३० मिनेटको अवधिमा समेत दुवै टोलीबाट गोल हुन नसकेपछि पेनाल्टीबाट खेलको निर्णय गरिएको हो। पेनाल्टीको अवसरलाई सदुपयोग गर्दै मनाङले आर्मीलाई पछाडि पार्न सफल भयो।

पेनाल्टी सुटआउटमा मनाङका गोलकिपर अशोक बरालले आर्मीका युद्ध शाहीको प्रहारलाई रोक्दै मनाङलाई उपाधि नजिक पुऱ्याएका थिए। विपक्षीको एक प्रहार रोकन सफल भएका गोलकिपर बराल म्यान अफ दी म्याच समेत घोषित भएका छन्। टाइब्रेकरमा मनाङका लागि फ्रान्कलिन कुटी टाला, शिव गुरुङ, रूपेश केसी र अफिज ओलावालेले गोल गरेका थिए।

आर्मीका लागि कप्तान भरत खवास, जर्जप्रिन्स कार्की र विवेक बस्नेतले गोल गर्न सफल भएका थिए भने दीपक गुरुङको पेनाल्टी प्रहार गोल पोष्टमा लागेर फर्किएको थियो। पहिलो हाफको नवौं मिनेटमा मनाङले पाएको पेनाल्टीमा कप्तान विमल राना गोल गर्न असफल भएपछि अग्रता लिने मौका खेर गएको थियो।

आर्मीका डिफेण्डर युद्ध शाहीले पेनाल्टी क्षेत्रमा बल क्लियर गर्ने क्रममा बल हातले छुँदा खेलका रेफ्री श्याम दनुवारले मनाङलाई पेनाल्टीको अवसर दिएका थिए। खेलमा दुवै टोलीले गोलका केही सुन्दर मौका सिर्जना गरे पनि सदुपयोग गर्न भने सकेनन्। प्रतियोगिताको फाइनल खेल आगामी १५ गते सञ्चालन हुने आयोजक सहारा क्लब पोखराले जानकारी दिएको छ।

प्रतियोगिताको विजेताले दस लाख एक हजार रूपैयाँसहित ट्रफी र मेडल, उपविजेताले पाँच लाख एक हजार रूपैयाँसहित मेडल तथा उत्कृष्ट पाँच विधाका खेलाडीले जनही २५ हजार रूपैयाँका दरले पुरस्कार प्राप्त गर्नेछन्।

# अन्तरिक्षमा उत्कृष्ट खानपिनको आइडिया पेस गर्नेलाई नासाले १० लाख डलर पुरस्कार दिने

**काठमाडौं ।** अन्तरिक्षमा रहेका अन्तरिक्ष यात्रीको खानपान कसरी गराउने ? यस विषयमा उत्कृष्ट आइडिया दिने व्यक्तिलाई अमेरिकी अन्तरिक्ष संस्था नासाले १० लाख डलर पुरस्कारको घोषणा गरेको छ।

अन्तरिक्ष यात्रीको खानपानका लागि नवीन तथा दिगो खाद्य उत्पादनको उत्कृष्ट अवधारणा पेश गर्ने व्यक्तिलाई नासाले पुरस्कार प्रदान गर्नेछ। भविष्यमा अझै लामो भन्दा लामो समयका लागि अन्तरिक्ष तथा अन्य ग्रहहरूमा समेत पठाउने अन्तरिक्ष यात्रीका लागि पोषिलो, स्वादिलो तथा सन्तुष्ट बनाउने खालको र पर्याप्त उर्जा प्रदान गर्ने खानेकुरा र खाद्य प्रविधिको खोजीमा नासा लागेको छ।

यसका लागि नासाले क्यानेडियन स्पेस एजेन्सीसँगको सहकार्यमा डीप स्पेस फूड च्यालेन्जको घोषणा गरेको छ। यसका लागि नासाले पौष्टिक खानेकुराको उत्पादन तथा खाद्य प्रविधिको नमूना डिजाइन, स्थापना तथा प्रदर्शनका लागि आह्वान गरेको छ।

नासाको अन्तरिक्ष प्रविधि मिसन निर्देशनालयका सहायक व्यवस्थापक जिम रोयटर भन्छन्, 'अन्तरिक्ष यात्राको सीमाभित्र अन्तरिक्ष यात्रीहरूलाई लामो अवधिका लागि खानपान गराउनका लागि नवीन तथा मौलिक समाधानको आवश्यकता पर्दछ।'

विज्ञहरूका अनुसार समयक्रमसँगै खानेकुराहरूमा पौष्टिक मूल्य घट्दै गएको छ। त्यसैले भविष्यमा मंगल ग्रहमा जाने बहुवर्षीय मिसनका लागि प्याकिङ गरिएका अहिलेका खानेकुराहरूले अन्तरिक्ष यात्रीहरूको पौष्टिक तत्त्वको आवश्यकता पूर्ति गर्न समर्थ हुने छैनन्।

नासाले हाल घोषणा गरेको पुरस्कार दोश्रो चरणको हो। यसअघि सन् २०२१ को अक्टोबर मा पहिलो चरणमा नासाले विभिन्न १८ वटा टिमलाई ४ लाख ५० हजार डलर पुरस्कार प्रदान गरेको थियो। ती टीमहरूले पनि सुरक्षित, स्वीकारयोग्य, स्वादिलो तथा पोषिलो खाद्य उत्पादनको मौलिक खाद्य पदार्थ प्रविधि सम्बन्धी अवधारणा पेश गरेका थिए।

पहिलेका यी टोली सहित अन्य नयाँ टोली समेत दोस्रो चरणको प्रतिस्पर्धामा सहभागी हुन सक्ने र विजेताले १० लाख डलर पाउने नासाले जनाएको छ। नयाँ अवधारणा अन्तर्गत खानेकुराको उत्पादन, प्रोसेसिङ, ढुवानी, उपयोग तथा फोहोर व्यवस्थापनका साथै खानेकुरा भण्डारण, तयारी तथा अन्तरिक्ष यात्रीलाई पस्किनेसम्मका विषयमा दिगो र नवीन अवधारणा पेश गर्नुपर्नेछ। (एजेन्सी)

# पशुपति धर्मशाला बतास समूहबाट फिर्ता लिने निर्णय


**काठमाडौं ।** नेपाल भारत मैत्री पशुपति धर्मशाला दिँदा मिलेमतो भएको जनाउँदै बताससँगबाट फिर्ता दिने निर्णय भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले मन्त्रिस्तरीय निर्णयबाट धर्मशाला सञ्चालनको सम्झौता फिर्ता लिएको बताएका हुन्।

'छानबिन समितिले गरेको सिफारिसका आधारमा धर्मशाला फिर्ता लिने निर्णय गरेका छौं, अब धर्मशाला बसात समूहले सञ्चालन गर्दैन' मन्त्री आलेले भने। पशुपति क्षेत्र विकास समितिका कोषाध्यक्ष नारायण सुवेदीका संयोजकत्वमा गठित छानबिन समितिले धर्मशाला भाडामा दिँदा मिलेमतो भएको भन्दै फिर्ता लिनुपर्ने निष्कर्षसहित मन्त्री आलेलाई प्रतिवेदन बुझाएको थियो।

कोष र बतास समूहअन्तर्गतको होटेल आनन्द प्रालिबीच सम्झौता भएर पशुपति धर्मशाला सञ्चालनमा आएको थियो। कोषले निर्माण गरेको संरचनामा बतास समूहले धर्मशालालाई महंगो मूल्य लिँदै होटेलका रूपमा सञ्चालन गर्दै आएको आरोप लागेको थियो। उक्त आरोपपछि मन्त्री आलेले उक्त धर्मशालाको अनुगमन गरेका थिए।

अनुगमनका क्रममा धर्मशाला निर्माण गर्दा र सम्झौता भएबमोजिम शय्याको संख्या र दररेट फरक पारेको, कोषलाई बुझाउनुपर्ने भाडा नबुझाएको, धर्मशालामा विभिन्न अफिसहरू राखेको, कोषको स्वीकृति विना धर्मशालामा विभिन्न संरचनाहरू निर्माण गर्ने जस्ता कार्य गरेको फेला परेको समेत उल्लेख गरिएको छ।

# प्रहरीद्वारा मास्क वितरण : नलगाई हिँड्डुल गरे कारबाही




**मकवानपुर ।** जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको केही दिनअघि बसेको बैठकले सार्वजनिकस्थलमा मास्क नलगाई हिँड्डुल गर्नेलाई जरिवाना गर्ने निर्णय गरेलाई जिल्ला प्रहरी कार्यालयले कार्यान्वयनमा ल्याएको छ।

सार्वजनिकस्थलमा मास्क नलगाई हिँड्डुल गर्ने ६० जनालाई जिप्रकाबाछ खटिएको टोलीले एकसय रूपैयाँका दरले जरिवाना गरिएको जानकारी दिएको छ।

कार्यालयका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले मास्क नलगाइ हिँड्डुल गर्नेलाई कारबाही गरिएको जानकारी दिए। उनले पटकपटक सचेत गराउँदा समेत आदेशको पालना नगरेकाले कारबाहीस्वरूप जरिवाना गरिएको बताए।

कोरोना भाइरस (कोभिड-१९) को संक्रामक नियन्त्रण ऐन २०२० बमोजिम जरिवाना गरिएको समेत प्रहरीले बताएको छ।

साथै प्रहरीले हेटौंडामा मास्क वितरण गर्नुका साथै संक्रमणबाट सचेत रहन आग्रह गर्दै आएको छ।

# सुक्खा पहिरो झर्दा कामदारको मृत्यु

**काठमाडौं ।** विद्युत आयोजनासम्म पुग्ने सडक विस्तार गर्ने क्रममा खसेको सुक्खा पहिरोमा परी एक कामदारको मृत्यु हुनुका साथै एक जना गम्भीर घाइते भएका छन्। रसुवा जिल्लास्थित गोसाईंकुण्ड गाउँपालिका-६ का ठाडे गाउँका स्थानीय ५५ वर्षीय ग्याल्चोछिरिङ तामाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रसुवाले पुष्टि गरेको हो।

रसुवाका निमित्त प्रहरीप्रमुख गणेश सापकोटाले निर्माणाधिन ७८ मेगावाट क्षमताको सालासुङ्गी हाइड्रो पावर जाने सडक विस्तारका क्रममा झरेको सुक्खा पहिरोमा परी तामाङको मृत्यु भएको जनाए।

सोही पहिरोमा परी गम्भीर घाइते भएका अर्का कामदार आमाछोदिङ्मो-५ गोगंगाडका स्थानीय ५४ वर्षीय कार्साङ तामाङलाई सिम्रिक एअरको हेलिकोप्टरबाट राजधानी काठमाडौं ल्याइएको पनि प्रहरीले बताएको छ।

# राष्ट्रका नाममा सम्बोधन : के–के भने प्रधानमन्त्रीले ?

**काठमाडौं ।** प्रधानमन्त्री शेरबहादुर देउवाले हालै राष्ट्रका नाममा सम्बोधन गरेका छन्। आफ्नो नेतृत्वमा सरकार बनेको ६ महिना पुगेको अवसरमा देउवाले टेलिभिजनमार्फत देशवासीलाई सम्बोधन गरेका हुन्।

सम्बोधनका क्रममा देउवाले यसबीच आफू नेतृत्वको सरकारले गरेका कामहरूबारे चर्चा गरे। 'सरकार सही दिशामा अघि बढिरहेको स्पष्ट छ। छोटो अवधिमा गरिएका कार्य र हासिल भएका उपलब्धिले मुलुकमा राजनीतिक स्थायित्वसँगै विकास, स्थायित्व र समृद्धि हासिल गर्ने बलियो आधार खडा भएको छ,' उनले भने- 'जनतामा आशा र भरोसा बढेको छ।'

## सत्ता गठबन्धन...

निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले जानकारी दिए ।

राष्ट्रियसभाको निर्वाचनमा गण्डकीमा प्रदेशसभाका ५९ सदस्य र स्थानीय तहका प्रमुख/उपप्रमुख एकसय ७० गरी २ सय २९ मतदाता रहेका थिए । प्रदेशसभाका ५९ र स्थानीय तहका एकसय ६८ जनाले मतदान गरेका थिए । प्रदेशसभा सदस्यको ४८ र स्थानीय तहका प्रमुख/उपप्रमुखको १८ मतभार रहेको थियो ।

प्रदेशभाको तीनै समूहमा एक मत र स्थानीय तहतर्फ दलितमा दुई र अन्य अन्यतर्फ एक मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ । मतदानका लागि प्रदेशसभा र स्थानीय तहको गरी दुई मतदान केन्द्र रहेको थियो । निर्वाचन अधिकृत भट्टराईले विजयी उम्मेदवारलाई बिहीबार निर्वाचित प्रमाणपत्र प्रदान गरिने जानकारी दिए ।

यसैगरी राष्ट्रियसभा सदस्यको निर्वाचनमा कर्णाली प्रदेशमा पनि सत्ता गठबन्धन दल नै विजयी भएका छन् ।

सत्ता गठबन्धन दलको महिलातर्फ नेपाली कांग्रेसबाट दुर्गा गुरुङ, अपांगता-अल्पसंख्यकतर्फ माओवादी केन्द्रबाट नरबहादुर विष्ट र खसआर्यतर्फ एकीकृत समाजवादीबाट उदय बोहरा विजयी भएको कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका प्रदेश निर्वाचन अधिकारी दुर्गाप्रसाद चालिसेले जानकारी दिए ।

चालिसेका अनुसार विजयी गुरूङले दुई हजार ९ सय ७०, विष्टले तीन हजार ६ र बोहराले तीन हजार ६ मत प्राप्त गरी विजयी भएका हुन् ।

नेकपा एमालेका गङ्गा महतले एक हजार ४ सय १६, खसआर्य चूडामणि शर्मा एक हजार ४ सय १६ र अपांगता/अल्पसंख्यक क्लस्टरतर्फ पदम माझीले एक हजार ३ सय ९८ मत पाएका थिए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका कर्णाली प्रदेशसभा सदस्य सोशिला शाहीले मतदान नगरेको निर्वाचन अधिकारी चालिसेले बताए । प्रदेश निर्वाचन अधिकारी चालिसेले भने- 'तिलागुफा नगरपालिका कालीकोटका उपप्रमुख भने करिव दुई वर्षदेखि नेपालबाहिर हुनुहुन्छ । त्यसैले कूल मतसंख्या एकसय ९१ मध्ये एकसय ८९ खसेको थियो ।' उनका अनुसार स्थानीयतर्फ महिला क्लस्टरमा दुई वटा र अपाङ्गतातर्फ एक मत बदर भएको थियो ।

निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्माका अनुसार यस निर्वाचनमा दुई हजार २५ मतदाता कायम रहेकामा दुई हजार सात मत खसेको थियो । देशका विभिन्न प्रदेशमा कायम रहेका आठ मतदानस्थल र १४ केन्द्रमा बिहान ९ देखि दिउँसो ३ बजेसम्म मतदान भएको थियो ।

आगामी फागुन २० गते एमालेका आठ, एकीकृत समाजवादीका चार, माओवादी केन्द्रका चार र कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि सकिने भएकाले ती रिक्त स्थानका लागि निर्वाचन भएको हो । सदस्यको पदावधि समाप्त हुन ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधान छ । राष्ट्रियसभा सदस्यको यस निर्वाचनमा महिला, दलित अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक र अन्य समूह गरी १९ रिक्त पदमा नौ राजनीतिक दलका ४३ उम्मेदवार निर्वाचनमा होमिएका थिए ।

निर्वाचनमा सम्बन्धित प्रदेशभित्रका प्रदेशसभा सदस्य तथा स्थानीय तहका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष नगरपालकाका प्रमुख तथा उपप्रमुख मतदाता रहेका थिए ।

## नेपालको...

आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले नेपाल दुई करोड ९१ लाख नेपालीको प्यारो ढुकढुकी रहेको जनगणनाबाट देखिएकाले यस कार्यमा संलग्न सबैलाई धन्यवाद व्यक्त गरे ।

आफूहरूले नेपालको नयाँ नक्सामा समावेस लिपुलेक, कालापानी र लिम्पियाधुरामा पनि गणना गरिएको तथा विस्तृत विवरण आउन बाँकी रहेको विभागका महानिर्देशक नेविनलाल श्रेष्ठले बताए । पछिल्लो समय छोरा र छोरीबीचको विभेद न्यून हुँदै गएकाले सन्तान बढाउने प्रवृत्ति अन्त्य हुँदै गएकाले अपेक्षाकृत रूपमा जनसंख्या बढ्न नसकेको हुनसक्ने महानिर्देशक श्रेष्ठको अनुमान छ ।

## सङ्घीयता...

- पार्टी जीवनमा र राजनैतिक नीतिनिर्माणमा निरन्तर कटूता कार्यकर्तामा विराग, तटस्थता र विरक्ति भित्रिएको छ । यसले कार्यकर्ताको आत्मविश्वास र सिर्जनशीलतालाई क्रमशः समाप्त पार्दै लगेको छ । यस्तो कार्यकर्ता भरिएको पार्टीले क्रान्तिको रक्षाको निम्ति प्रतिक्रान्तिसँग लड्ने साहस जुटाउन सक्दैन ।
- सर्वहारा वर्गले जित्ने स्थितिमा मात्रै Right या self determination को अर्थ हुन्छ ।
- बोल्सेविकहरूले पार्टी निर्माणमा ल्बतष्यल ाभमभचबतष्यल को सिद्धान्तलाई अस्वीकार गरेकाथिए ।
- जनवादको आधारशिला माथि समाजवादलाई उभ्याउनु पर्दछ । समाजवादको अन्तिम परिणति जनवाद, साँचो जनवाद हुनेछ भनेको भरमा समाजवादको पक्षमा जनता उभिने छैनन् ।
- खास नेतृत्व विना श्रमिक वर्गका क्रान्तिकारी शक्ति बन्न सक्ने कुरामा लेनिनको शंका? पार्टीले वर्गलाई नियन्त्रण गरेपछि वर्गको जुझारूपना र सिर्जनात्मक धुकधुकी सकिएला भन्ने रोजाको चिन्ता? यो शंका र चिन्ता हटाउने दायित्व आजका कम्युनिष्टहरूको हो । पार्टी र वर्गको जैविक एकता गर्ने ग्राम्सीको अधुरो सपनालाई साकार पार्ने हाम्रो प्रयास हुनु पर्दछ ।
- भूमिसुधार अर्न्तगत जमिनको वर्गीकरणको मुद्दालाई अगाडि ल्याउनु पर्दछ । आवास, वन, उद्योग, खेती र चरनकानिम्ति राम्रो अध्ययन गरेर जमिन वर्गीकृत गर्नु पर्दछ ।
- समृद्धिन्मूख, समृद्ध र अति समृद्ध छुट्याएर समृद्धिन्मूख वर्गलाई राज्यले प्रमाणपत्र दिनु पर्दछ । राज्यले दिने विभिन्न सुविधा, कोटा र संरक्षण/आरक्षण समृद्धन्मूख वर्गलाई प्रदान गर्नु पर्दछ । त्यसो गर्दा त्यो वर्गभित्रको महिलालाई विशेष ध्यानदिनु पर्दछ ।
- पार्टीले आफैंभित्रको भ्रष्ट आचरणलाई दुरुत्साहित गरेर र उत्पीडित सामाजिकवर्गको मन जित्नु पर्दछ र त्यसरी बलशाली भएपछि समाजको भ्रष्ट तत्त्वहरू विरुद्ध आन्दोलनचलाउनु पर्दछ ।
- वर्ग विभाजनअझै नभई सकेका जातिहरूको हकमा सिंगो जातिलाई विशेष सुविधा दिनुपर्ने जातिमा सुचिकृत गरी सुविधा र अधिकार प्रदान गर्नु पर्दछ ।


**जेष्ठ नागरिकको सम्मान गरौ, सभ्यताको परिचय दिऔ !**

- जेष्ठ नागरिकलाई दया होइन, सम्मान गरौ,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सिप र क्षमताको उपयोग गरौ,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौ । सभ्यताको परिचय दिऔ ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**







प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं